

# १३ औं वार्षिक प्रतिवेदन
## २०७०/७१

**स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड**

**Swabalamban Laghubitta Bikas Bank Ltd.**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

# सञ्चालक समिति



**श्री बिजेन्द्र सुवाल**
अध्यक्ष
प्रतिनिधिः नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड



**श्री अमराज खड्का**
सञ्चालक
प्रतिनिधिः सर्वसाधारण सेयरधनी



**श्री सतिश कुमार श्रेष्ठ**
सञ्चालक
प्रतिनिधिः व्यक्तिगत संस्थापक सेयरधनी



**श्री राम प्रसाद पाण्डे**
सञ्चालक
प्रतिनिधिः सर्वसाधारण सेयरधनी



**श्री शंकर नाथ कपाली**
सञ्चालक
प्रतिनिधिः स्वावलम्बन विकास केन्द्र



**श्री गोविन्द मान श्रेष्ठ**
सञ्चालक
प्रतिनिधिः स्वावलम्बन विकास केन्द्र



**श्री सञ्जय नेपाल**
सञ्चालक
प्रतिनिधिः नबिल बैंक लिमिटेड



**श्री राम राज जोशी**
सञ्चालक
प्रतिनिधिः व्यवसायिक विशेषज्ञ



**श्री रविन्द्र नारायण प्रधान**
सञ्चालक
प्रतिनिधिः हिमालयन बैंक लिमिटेड



**श्री नरेश मान प्रधान**
प्रमुख कार्यकारी अधिकृत

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.
## तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको मिति २०७१ साल मंसिर २९ गते सोमवार बसेको सञ्चालक समितिको २३१ औं बैठकको निर्णय अनुसार तेह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७१ पुस २७ गते आइतवार (इ.सं. ११ जनवरी, २०१५)
समय : बिहान ११:०० बजे
स्थान : नक्साल ब्यांकेट, नक्साल, काठमाडौं ।

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७०/७१ को प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७०/७१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्ने ।

३. नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भएको नगद लाभांश रु.३ करोड ५२ लाख २० हजार ८ सय ४७ अर्थात चुक्ता पूँजीको २३.५ प्रतिशत (नगद लाभांश र बोनस सेयरको कर समेत) सेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम सेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७१/७२ को लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी पुनः नियुक्त हुन सक्नुहुनेछ ।)

५. वित्तीय संस्था संचालक समितिमा संस्थापक सेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्नुहुने संचालकको नियुक्ति सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. वित्तीय संस्थाको अधिकृत पूँजी वृद्धि गरी रु ५० करोड पुऱ्याउने ।

२. बोनस सेयर जारी गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने । (नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत बोनस सेयर रु. ६ करोड ९६ लाख ९२ हजार ३ सय १५ (अर्थात चुक्ता पूँजीको ४६.५ प्रतिशत) जारी गरेर जारी तथा चुक्ता पूँजी रु. २१,९५,६८,२६१/- पुऱ्याउने तथा सो बोनस सेयर जारी गर्दा हुन आउने दशमलव पछिको भिन्न अंक (फ्र्याक्सन)मा रहने सेयरलाई वर्तमान सेयरमा रहेको भिन्न अंकमा जोडेर पूर्ण अंक बनाउन नपुग रकम नगद लाभांशले खामेसम्म सोबाट समायोजन गरेर पूर्ण सेयरमा परिणत गरी सोही हदसम्म थप जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने । यसो गर्दा प्रबन्ध पत्रमा उल्लेखित सेयर स्वामित्व (सेयर ग्रहण अनुपात) यथावत कायम गर्ने ।

३. प्रबन्धपत्रको दफा ५ (क), ५(ख), ५(ग) र ५(ङ) तथा नियमावलीको नियम ८ (२), ८ (३) र २९ (१) (ग) संशोधन गर्ने ।

४. वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा गर्ने उपरोक्त संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रदान गर्ने ।

**ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,

चन्द्रमणि चौलागाँई
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. तेह्रौं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०७१/९/९ गतेदेखि २०७१/९/२७ गतेसम्म बैंकको सेयर दाखिल खारेज बन्द रहनेछ ।

२. बैंकको संक्षिप्त वार्षिक आर्थिक बिवरण सहित वार्षिक साधारण सभाको सूचना सेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा पठाइएको छ । यदि सो प्राप्त नभएमा कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय, लालकोलोनीमार्ग, लालदरबार, काठमाडौंबाट वा बैंकको वेबसाइट http://swbbl.com.np बाट प्राप्त गर्न सकिनेछ ।

३. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरूले प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी बैंकको केन्द्रीय कार्यालय, लालकोलोनीमार्ग, काठमाडौंमा सभा सुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि (२०७१ साल पुस २३ गते ११:०० बजेसम्म) दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति समेत बैंकको सेयरधनी हुनु आवश्यक छ । एक सेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछन् ।

४. एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा सेयर दर्ता रहेको अवस्थामा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाइनेछ ।

५. नाबालक वा विक्षिप्त सेयरधनीहरूको तर्फबाट बैंकको सेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।

६. सभामा उपस्थित हुने सेयरधनीहरूले आफ्नो कुनै एक सक्कल सेयर प्रमाण-पत्रका साथै आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिएको छ ।

७. सभामा भाग लिने प्रत्येक सेयरधनी महानुभावले सभा हुने स्थानमा सभाको दिन सभा सुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ ।

८. सुरक्षाको दृष्टिकोणले सेयरधनी महानुभावहरू सभास्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

९. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय, लालकोलोनीमार्ग, लालदरबार, काठमाडौंको फोन नं. ०१-४४३४९२१/०१-४४३४९२२ फ्याक्स नं. ०१-४४१५२५ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.को

## तेह्रौं वार्षिक साधारण सभामा अध्यक्षज्यूबाट प्रस्तुत संचालक समितिको प्रतिवेदन

**सेयरधनी महानुभावहरू,**

स्वावलम्बन लघुवित्त विकास बैक लि. को तेह्रौं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सेयरधनी लगायत सम्पूर्ण महानुभावहरुलाई बैंकको संचालक समिति र मेरो आफनो तर्फबाट हार्दिक स्वागत गर्दछु ।

तेह्रौं वार्षिक साधारण सभाको यस अवसरमा यहाँहरु समक्ष गत आर्थिक वर्ष २०७०/७१ मा बैंकले हासिल गरेका उपलब्धि तथा सामना गर्नु परेका चुनौतिहरु र चालू आर्थिक वर्ष २०७१/७२ को लागि लिइएका रणनीति तथा कार्यक्रम संचालनका कार्यनीति लगायतका विविध विषयहरुमा देहाय बमोजिमको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

### नेपालमा लघुवित्त कार्यक्रम :

नेपालमा लघुवित्त सम्बन्धी कार्यक्रमले करिव दुई दशक यतादेखि व्यापकता पाएको छ । गरिबी न्यूनिकरणको लागि लघुवित्त सम्बन्धी कार्यक्रम एक आधारभूत र अपरिहार्य साधन बन्न पुगेको छ ।

२०७१ असोज मसान्तसम्म देशमा 'क' वर्गका वाणिज्य बैंकहरु ३०, 'ख' वर्गका विकास बैंकहरु ८१, 'ग' वर्गका वित्त कम्पनीहरु ५२, 'घ' वर्गका लघुवित्त विकास बैंकहरु ३५, नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त लघुकर्जा कारोवार गर्ने गैर सरकारी संस्थाहरु २८ र सीमित बैकिङ्ग कारोवार गर्ने वचत तथा ऋण सहकारी संस्थाहरु १५ समेत गरी जम्मा २४१ बैंक तथा संस्थाहरु लघुवित्त क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत रहेका छन् । यस बैंकले २०७१ साल कार्तिक मसान्तसम्म सामाजिक तथा आर्थिक रुपले उपेक्षित तथा विपन्न वर्गका १,८९,८५८ परिवारलाई महिला मार्फत लघुवित्त सेवा पुऱ्याई आर्थिक तथा सामाजिक स्तर उकास्न महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ ।

### विगत वर्षको कारोवारको सिंहावलोकन :

देशको राजनैतिक संक्रमणको अवस्थाले समग्र आर्थिक तथा सामाजिक वातावरण गत वर्ष पनि त्यति सहज र अनुकुल रहेन । लघुवित्त सेवा दिने संस्थाका कार्यक्षेत्र तथा शाखा कार्यालय विस्तारसंगै सदस्यको कर्जामा दोहोरोपनाको समस्या र प्रतिस्पर्धा बढदै गएको अवस्थामा लघुवित्त व्यवसायमा पनि चुनौती र जोखिमको अवस्था रहृयो । लघुवित्त बजारको तीव्र प्रतिस्पर्धा र आन्तरिक अवरोधको बाबजूद पनि निक्षेप दायित्व, कर्जा कारोवारमा सन्तोषजनक रुपमा वृद्धि भएको छ भने मुनाफामा उल्लेखनीय रुपमा वृद्धि गर्न बैंक सफल भएको छ । त्यस्तै, असुली दरमा पनि सुधार भएको छ । समग्रमा वृद्धि उत्साहजनक रहेको छ ।

अब म यहाँहरु समक्ष बैंकको आ.व. २०६९/७० र आ.व. २०७०/७१ को कार्य प्रगति तथा वित्तीय स्थितिको संक्षिप्त तुलनात्मक विवरण प्रस्तुत गर्न चाहन्छु ।

| क्र.सं. | विवरण | गत आ.व. (२०६९/७०) | यस आ.व. (२०७०/७१) | वृद्धि | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सेयर पूँजी (रु) | १४,९८,७५,९४६ | २१,९५,६८,२६१ | ६,९६,९२,३१५ | ४६.५% |
| २ | जगेडा तथा कोषहरु (रु) | १८,४२,०३,९०० | २५,७५,२२,२१७ | ७,३३,१८,३१७ | ३९.८% |
| ३ | तिर्न बाँकी कर्जा सापट (रु) | १,५८,४४,५४,४४० | २,४३,८८,१८,१६९ | ८५,४३,६३,७२९ | ५३.९% |
| ४ | निक्षेप दायित्व (रु) | १,१९,२१,४०,९७९ | १,५९,५१,६४,४१२ | ४०,३०,२३,४३३ | ३३.८% |
| ५ | कर्जा सापट (रु) | २,५०,१३,७४,३२८ | ३,८५,७२,३१,७७९ | १,३५,५८,५७,४५१ | ५४.२% |
| ६ | खुद मुनाफा (रु) | ६,३३,८४,५६५ | १८,०१,४८,२५८ | ११,६७,६३,६९३ | १८४.२% |
| ७ | असुली दर (प्रतिशत) | ९८.७४ | ९९.५७ | ०.८३ | ०.८४% |

### राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट बैंकको कारोवारमा परेको असर :

अन्तर्राष्ट्रिय परिस्थितिले हाम्रो बैंकको कारोवारमा असर परेको अवस्था हालसम्म देखिएको छैन । तर राष्ट्रिय परिस्थितिले भने केही असर पारेको छ । देशमा राजनीतिक स्थिरता नरहेको कारणले आर्थिक र सामाजिक पक्ष प्रभावित हुन गएका छन् । जसबाट बैंकको कारोवारमा केही असर पर्न गएको छ । वित्तीय संस्थाबाट लिएको कर्जा सापटको ब्याजदर कमी हुँदै गएको कारण विपन्न वर्ग कर्जा प्राप्त गर्न सहज भइरहेको छ ।

### पूँजी वृद्धि :

गत आ.व.को अन्तमा सेयरपूँजी रु. १४ करोड ९८ लाख ७५ हजार ९ सय ४६ रहेकोमा यस साधारण सभाबाट स्वीकृत भएपछि जारी हुने बोनस सेयर रु. ६ करोड ९६ लाख ९२ हजार ३ सय १५ सहित जम्मा सेयर पूँजी रु. २१ करोड ९५ लाख ६८ हजार २ सय ६१ हुने भएको छ । साथै, सो बोनस सेयर जारी गर्दा हुन आउने दशमलब पछिको भिन्न अंक (फ्रयाक्सन)मा रहेको सेयरलाई संस्थापक र सर्वसाधारण तर्फको सेयर स्वामित्व (सेयर ग्रहण अनुपात) यथावत कायम रहने गरी नपुग रकम नगद लाभांशले खामेसम्म सोबाट समायोजन गरेर पूर्ण अंकमा परिणत गर्दा वृद्धि भएको रकम समेत सेयर पूँजीमा थप गरिने छ ।

## कार्यक्षेत्र तथा कार्यक्रम विस्तार :

समीक्षा अवधिमा नयाँ जिल्लामा कार्यक्रम विस्तार नगरी हाल भइरहेकै क्षेत्रमा कार्यक्रमलाई विस्तार गर्न र प्रभावकारी रुपले संचालन गर्न विशेष जोड दिइयो । यसबाट हालकै कार्यक्षेत्रका थप ४१ गा.वि.स./नगरपालिकामा कार्यक्रम विस्तार गरिएको छ । त्यसै गरी नेपाल राष्ट्र बैंकबाट विपन्न वर्गलाई प्रदान गरिएको कर्जा सीमा वृद्धि गरे अनुसार विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघु उद्यम वा व्यवसाय संचालन गर्न प्रति समूह सदस्य बढीमा रु. १ लाख ५० हजारसम्म र विपन्न तथा न्यून आय भएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम वा व्यवसाय संचालन गर्न प्रति समूह सदस्य बढीमा रु. ४ लाखसम्म वृद्धि गरियो । त्यसै गरी यस समीक्षा अवधिमा बचत वृद्धिको लागि प्रति सदस्य रु. ५० बाट रु. १०० गरिएको छ । यी कार्यहरुको परिणाम हाल कार्यक्रम रहेका र थप सेवा विस्तार गरिएका गा.वि.स./नगरपालिकामा सदस्य वृद्धिमा उल्लेखनीय प्रगति हुन गई आ.व. २०६९/७० सम्म कूल ग्राहक सदस्य संख्या १ लाख ६३ हजार १ सय ६१ रहेकोमा समीक्षा अवधिमा २५ हजार ७ सय ६४ वृद्धि भई २०७१ असार मसान्तमा कूल ग्राहक संख्या १ लाख ८८ हजार ९ सय २५ जना पुगेको व्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु ।

**साथै, हालसम्म ४५ जिल्लाहरूमा शाखा/उपशाखा संख्या १०८, इलाका कार्यालय ९ र केन्द्रीय कार्यालय १ गरी ११८ कार्यालय रहेका छन् ।**

## मानव संशाधन तथा तालिम :

बैंकको कारोवार संचालनको लागि समीक्षा अवधिमा ५१४ जना कर्मचारी कार्यरत रहेका छन् । यस अवधिमा कर्मचारी वृत्ति विकासको लागि बढुवा समेत उल्लेखनीय स्तरमा गरिएको छ । पियन बाट वरिष्ठ पियन पदमा ४ जना, सहायकबाट वरिष्ठ सहायक पदमा १६ जना कार्यसम्पादन मूल्यांकनबाट र ९ जना आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट गरी जम्मा २५ जना, वरिष्ठ सहायकबाट सहायक प्रबन्धकमा ११ जना, सहायक प्रबन्धकबाट प्रबन्धक पदमा ५ जना र वरिष्ठ प्रबन्धक पदबाट नायब विभागीय प्रबन्धक पदमा १ जना गरी जम्मा ४६ जना कर्मचारी बढुवा भएका छन् । यसबाट बैंकको कार्यसम्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । त्यसै गरी, मेसेन्जर पदमा ७ जना र सवारी चालक पदमा १ जना नयाँ कर्मचारी भर्ना गरिएको छ ।

समीक्षा अवधिमा संचालक तथा विभिन्न तहका कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय अवलोकन भ्रमण, वित्तीय विश्लेषण तथा रणनैतिक योजना तयारी, व्यवस्थापन सूचना प्रणाली, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण, लघुवित्त, साना व्यवसाय कर्जा, लेखा आदि विभिन्न विषयमा २२३ जनालाई बैंकभित्र तथा राष्ट्रिय स्तरका तालिम, गोष्ठी तथा अवलोकन भ्रमणमा सहभागी गराइएको थियो । चालू आर्थिक वर्षको बाँकी अवधिमा पनि कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम प्रदान गर्न विशेष जोड दिइनेछ ।

ग्राहक सदस्य तथा तिनका अभिभावकहरुका लागि अभिभावक भेला, पुनर्ताजगी तालिम, अवलोकन भ्रमण, सीप विकास तालिम, नेतृत्व विकास अन्तर्गत केन्द्र प्रमुख गोष्ठी लगायतका विभिन्न विषयमा ३,१३० वटा तालिम, गोष्ठी संचालन गरी ५३,८४८ जनालाई तालिम दिइएको छ । यी तालिमहरुमा सदस्यहरुको उत्साहजनक सहभागिता रहेको थियो ।

व्यवस्थापन र कर्मचारी बीच नियमित सम्पर्क, समन्वय र संचारको लागि शाखा, इलाका र केन्द्रीय कार्यालय स्तरमा नियमित कर्मचारी बैठक बसी महत्वपूर्ण विषयहरुमा निर्णय लिंदा राय सुझाव लिनुको साथै इलाका प्रबन्धक र केन्द्रीय कार्यालयका कर्मचारीहरुको संयुक्त गोष्ठी संचालन गरी काम कार्यवाहीमा समन्वय र एकरुपता ल्याउने कार्यलाई निरन्तरता दिइएको छ ।

संचालक समितिको सदस्यको संयोजकत्वमा कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति गठन गरी कर्मचारीको वृत्ति विकास र सेवा सुविधा वृद्धि सम्बन्धमा उक्त समितिबाट प्राप्त सुझावको आधारमा निर्णय लिने परिपाटी कायम गरिएको छ ।

## संचालक समिति :

आर्थिक वर्ष २०७०/७१ मा यस वित्तीय संस्थाको संचालक समितिमा समूह “क” अन्तर्गतका संस्थापक सेयरधनी नेपाल इन्भेष्टमेन्ट बैंक लि.को तर्फबाट श्री विजेन्द्र सुवाल, स्वावलम्बन विकास केन्द्रबाट श्री शंकर नाथ कपाली तथा श्री गोविन्द मान श्रेष्ठ, नविल बैंक लि. को तर्फबाट श्री सञ्जय नेपाल र हिमालयन बैंक लि. को तर्फबाट श्री रविन्द्र नारायण प्रधान प्रतिनिधित्व गरिरहनु भएको छ ।

त्यस्तै, संस्थापक समूह “ख” अन्तर्गतका सेयरधनीहरुको तर्फबाट श्री सतिश कुमार श्रेष्ठ तथा समूह “ग” अन्तर्गत सर्वसाधारण सेयरधनीहरुको तर्फबाट श्री अमराज खड्का र श्री राम प्रसाद पाण्डेले संचालक समितिमा प्रतिनिधित्व गरी रहनु भएको छ ।

समीक्षा आर्थिक वर्षमा स्वावलम्बन विकास केन्द्रबाट श्री नन्द राम वैद्य तथा श्री मुकुन्द बहादुर विष्टले प्रतिनिधित्व गरिरहनु भएकोमा मिति २०७० चैत ६ गतेदेखि सो स्थानमा क्रमश: श्री शंकर नाथ कपाली र श्री गोविन्द मान श्रेष्ठ नियुक्त हुनु भएको छ । त्यस्तै, नबिल बैंक लि.बाट श्री विनयनाथ न्यौपानेले प्रतिनिधित्व गरिरहनु भएकोमा मिति २०७१ असार २ गतेदेखि सो स्थानमा श्री सञ्जय नेपाल नियुक्त हुनु भएको हो भने हिमालयन बैंक लि.बाट श्री उज्जल राजभण्डारीले प्रतिनिधित्व गरिरहनु भएकोमा मिति २०७१ भदौ ११ गतेदेखि सो स्थानमा श्री रविन्द्र नारायण प्रधान नियुक्त हुनु भएको छ । त्यस्तै, रिक्त व्यवसायिक विशेषज्ञ संचालक पदमा मिति २०७१ असार ६ गतेदेखि श्री राम राज जोशी नियुक्त हुनु भएको छ । त्यसै गरी संचालक समितिबाट अध्यक्ष पदमा मिति २०७० चैत १९ गते श्री विजेन्द्र सुवाललाई सर्वसम्मत रुपमा चयन गरिएको छ ।

संचालक समिति अध्यक्षको रुपमा श्री नन्द राम वैद्यज्यू तथा संचालकको रुपमा श्री मुकुन्द बहादुर विष्टज्यू, श्री उज्जल राजभण्डारीज्यू र श्री विनयनाथ न्यौपानज्यूले दिनु भएको कुशल नेतृत्व, सल्लाह, सहयोग र योगदानको लागि संचालक समिति सराहना गर्दै उहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ । साथै, उहाँहरुको स्थानमा नियुक्त भई प्रतिनिधित्व गर्नुहुने संचालक श्री शंकर नाथ कपाली, श्री गोविन्द

मान श्रेष्ठ, श्री सञ्जय नेपाल, श्री रविन्द्र नारायण प्रधान र विशेषज्ञ संचालक श्री राम राज जोशीलाई स्वागत गर्दै संचालक समिति उहाँहरुबाट रचनात्मक सुझाव, सहयोग र योगदानको अपेक्षा गर्दछ ।

आर्थिक वर्ष २०७०/७१ मा संचालक समितिको बैठक १८ पटक बसेको थियो ।

## प्रमुख कार्यकारी अधिकृत

सर्वसाधारण सेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गरिरहनु भएका संचालक श्री अमराज खड्काले समीक्षा वर्षमा कार्यकारी प्रमुखको रुपमा कार्य गरिरहनु भएको थियो । उहाँले कार्यकारी प्रमुखको पदबाट राजीनामा दिनुभएकोले संचालक समितिबाट मिति २०७१/५/१५ गते स्वीकृत भएको छ भने सो पदमा संचालक समितिले खुल्ला प्रतिस्पर्धाबाट श्री नरेशमान प्रधानलाई मिति २०७१/७/१० देखि ४ वर्ष अवधिको लागि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको छ । श्री अमराज खड्काले कार्यकारी प्रमुखको रुपमा बैंकलाई नेतृत्व प्रदान गरी उल्लेखनीय योगदान दिनुभएकोमा संचालक समिति उहाँलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ । साथै, नवनियुक्त प्रमुख कार्यकारी अधिकृत श्री नरेशमान प्रधानलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ ।

### कारोबारलाई असर पार्ने मुख्य कुराहरू :

हाल देशको आर्थिक तथा समाजिक वातावरण बैंकको कारोबारको लागि अनुकूल हुँदै गइरहेको अवस्था छ । बैंकका ग्राहकलाई लगानी गर्न अन्य बैंक तथा वित्तीय संस्थाबाट सापटीको रुपमा लिइने विपन्न वर्ग कर्जाको ब्याजदर सुधारोन्मुख अवस्थामा रहेको छ। नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायले गर्ने नियमन, निर्देशनको परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमप्रति पनि बैंक सदैव सजग रहनु परेको छ । यस बाहेक निम्न कुराले बैंकको कारोबारलाई असर पार्ने देखिन्छ ।

- 'क' वर्गका वाणिज्य बैंकहरु, 'ख' वर्गका विकास बैंकहरुले पनि सहायक कम्पनी स्थापना गरेर, शाखा रहित बैंकिङ्ग, मोबाइल बैकिङ्ग आदिको माध्यमबाट तथा आफै विपन्न वर्ग कर्जा प्रवाह गरेर लगानीको दायरा विस्तार गरेकोले लघुवित्त क्षेत्रमा बढ्दो प्रतिष्पर्धा रहेको छ ।
- लघुवित्त सेवा प्रदायक संस्थाहरु तथा तिनका शाखा वृद्धिले प्रतिस्पर्धा अझ बढ्ने तथा सेवाग्राहीले एकभन्दा बढी यस्ता संस्थाको सदस्यता लिई कर्जा लिन सक्ने सम्भावना बढ्दै गएको र अस्वस्थ प्रतिस्पर्धाले ग्राहक पलायन, ऋण असुलीमा कठिनाई जस्ता समस्या उत्पन्न हुन सक्ने देखिन्छ ।
- नेपाल राष्ट्र बैंकको निर्देशन र बजारको अवस्था बमोजिम औषत ब्याजदर फरक कम गर्दा आम्दानीमा असर पर्नसक्ने देखिन्छ।
- लघुवित्त सेवा प्रदायक वित्तीय संस्थाहरुको संख्या तीव्र रुपमा वृद्धि भइरहेकोले पुराना, दक्ष कर्मचारी पलायन हुन सक्ने देखिन्छ।

हामी यी असरलाई न्यूनिकरण गर्दै बैंकलाई प्रभावकारी ढंगले अगाडि बढाउन प्रयत्नरत छौं। यस कार्यमा सेयरधनी महानुभावहरुबाट समेत सकारात्मक सल्लाह, सुझावहरु प्राप्त हुने नै छन् ।

## लेखापरीक्षण प्रतिवेदन र संचालक समितिको प्रतिक्रिया :

नियमित कारोबारका सामान्य कुराहरु बाहेक लेखापरीक्षण प्रतिवेदनमा कुनै नकारात्मक कुरा उल्लेख छैन । लेखापरीक्षकको प्रतिवेदनबाट प्राप्त सुझावहरुमा संचालक समितिको ध्यानाकर्षण भएको छ । लेखापरीक्षकले दिनुभएका व्यवहारिक सुझावहरुलाई दैनिक काम कारबाहीका क्रममा अनुशरण गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

## आन्तरिक नियन्त्रण प्रणाली :

वित्तीय कारोवारमा निहित कर्जा जोखिम, बजार जोखिम तथा सञ्चालन जोखिम लगायतलाई मध्यनजर गर्दै बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई दह्रो बनाउने नीति लिएकोछ। बैंकको कारोबारमा रहेका जोखिम व्यवस्थापन तथा न्यूनिकरणको लागि जोखिम व्यवस्थापन उपसमिति क्रियाशिल रहेको छ। बैंकको नीति, नियम तथा परिपत्रहरुको परिपालनाको अवस्था निरन्तररुपमा अनुगमन गर्न संचालक समिति अन्तर्गत आन्तरिक लेखापरीक्षण समिति र आन्तरिक लेखापरीक्षण विभागको व्यवस्था रहेको छ। आन्तरिक नियन्त्रण सबल बनाउनको लागि बैंकबाट नियमित अनुगमन, आन्तरिक लेखा परीक्षण, प्रशासनिक नियन्त्रण, मासिक/त्रैमासिक बैठक र वार्षिक समीक्षा गरी आवश्यक सल्लाह र सुझाबहरु संकलन गर्ने गरिएको छ । त्यसै गरी बैंकलाई सुसंचालनका लागि आवश्यक नीति, नियम, विनियम तथा निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको र आवश्यकता अनुसार थप तथा परिमार्जन गर्दै लगिनेछ ।

## लेखापरीक्षण समिति :

समीक्षा अवधिमा यस बैंकका सञ्चालक समितिका सदस्यहरु श्री उज्जल राजभण्डारीज्यू संयोजक र श्री चन्द्रमणि चौलागाँई सदस्य तथा आन्तरिक लेखापरीक्षण विभाग प्रमुख श्री भेष बहादुर बस्नेत, सदस्य सचिव सहित जम्मा ३ जनाको लेखापरीक्षण समिति रहेको थियो । हाल सो समितिमा संचालक श्री रविन्द्र नारायण प्रधान संयोजक र संचालक श्री गोविन्द मान श्रेष्ठ सदस्य तथा आन्तरिक लेखापरीक्षण विभाग प्रमुख सदस्य सचिव रहनु भएको छ । सो समितिले वित्तीय स्थितिको समीक्षा, आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन, लेखापरीक्षण कार्यक्रम तर्जुमा र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी संचालक समितिमा आफनो राय तथा सुझाव पेस गर्ने गरेको छ । संचालक समितिले लेखापरीक्षण समितिबाट प्राप्त राय तथा सुझावका आधारमा व्यवस्थापनलाई समय समयमा आवश्यक निर्देशन दिने गरेको छ । साथै बाह्य लेखापरीक्षकको प्रतिवेदनमा औल्याएका

कैफियतहरुमाथि विस्तृत छलफल गरी सञ्चालक समितिमा राय प्रस्तुत गर्ने गरेको छ। यसबाट बैंकको काम कारवाही व्यवस्थित बनाउन योगदान पुगेको व्यहोरा म यहाँ उल्लेख गर्न चाहन्छु। यस समितिका पदाधिकारीलाई बैठक भत्ता बापत समीक्षा आर्थिक वर्षमा जम्मा रु. १६,००० मात्र उपलब्ध गराइएको छ।

अब म आर्थिक वर्ष २०७०/७१ मा भए गरेको व्यवस्थापन खर्च, नाफा नोक्सान हिसाब, मुनाफा बाँडफाँड र लाभांशको विवरण पेस गर्न चाहन्छु।

१. **व्यवस्थापकीय खर्च र नाफा नोक्सान स्थिति :**
आर्थिक वर्ष २०७०/७१ मा रु.७७ करोड ५२ लाख ९९ हजार ६ सय ३८ व्याज असुली भएको छ। गत वर्ष यो रकम रु.५६ करोड ५१ लाख ६९ रहेको थियो। बैंकले विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा र ग्राहक सदस्यहरुको बचतमा दिएको ब्याज खर्च गत वर्ष रु.१८ करोड २९ लाख ५३ हजार ९ सय १३ रहेकोमा समीक्षा वर्षमा रु.२२ करोड १० लाख ४३ हजार ५ सय ४७ खर्च भएको छ। समीक्षा आर्थिक वर्षमा बैंकको कर्जा लगानीमा उत्साहजनक वृद्धि भएको कारण थप कर्जा सापट लिनु परेकोले ब्याज खर्चमा वृद्धि भएको हो।

त्यसै गरी समीक्षा आर्थिक वर्षमा बैंकका खर्चहरु मध्ये रु.२१ करोड २५ लाख ९ हजार २ सय ५७ कर्मचारी तलव भत्ता शीर्षकमा खर्च भएको छ। गत वर्ष यो खर्च रु.२२ करोड ८० लाख ३२ हजार ५ सय ६० रहेको थियो। त्यस्तै, समीक्षा वर्षमा संचालन खर्च रु.५ करोड ३९ लाख १३ हजार २ सय ९५ रहेको छ। जुन खर्च गत वर्ष रु.४ करोड ६० लाख ३२ हजार २ सय ५६ थियो। समीक्षा वर्षमा स्थायी कर्मचारी संख्यामा कमी भएको र कर्मचारी उपदान तथा अवकाश कोषमा थप रकम जम्मा गर्न नपरेको कारण कर्मचारी खर्च कमी हुन आएको छ भने कार्यक्रममा वृद्धि भएकोले संचालन खर्च वृद्धि हुन गएको व्यहोरा यहाँहरु समक्ष राख्न चाहन्छु।

त्यस्तै, गत आर्थिक वर्ष २०६९/७० मा रु.६ करोड ३३ लाख ८४ हजार ५ सय ६५ खूद मुनाफा भएकोमा यस आ.व.२०७०/७१ मा गत वर्ष भन्दा रु.११ करोड ६७ लाख ६३ हजार ६ सय ९३ ले वृद्धि भई रु.१८ करोड १ लाख ४८ हजार २ सय ५८ खूद मुनाफा आर्जन भएको छ।

२. **मुनाफा बाँडफाँड :**
यस समीक्षा आर्थिक वर्षमा बैंकले प्रति सेयर रु.१२० आम्दानी गऱ्यो। यस वर्षको खुद मुनाफा रु.१८ करोड १ लाख ४८ हजार २ सय ५८ र गत आर्थिक वर्षसम्मको संचित मुनाफा रु.१४ लाख ९१ हजार १ सय ४३ गरी जम्मा रु. १८ करोड १६ लाख ३९ हजार ४ सय १ बाँडफाँडको लागि उपलब्ध रहेको छ। जसमध्ये साधारण जगेडा कोषमा रु. ३ करोड ६० लाख २९ हजार ६ सय ५२, कर्मचारी कल्याण कोषमा रु.८ लाख, प्रस्तावित लाभांश रु.३ करोड ५२ लाख २० हजार ८ सय ४७, प्रस्तावित बोनस सेयरको लागि रु.६ करोड ९६ लाख ९२ हजार ३ सय १५, स्थगन कर जगेडामा रु. ८४ लाख ४० हजार १ सय ६ तथा सामाजिक सेवा कोषमा रु.१० लाख राख्ने गरी मुनाफा बाँडफाँड गरिएको छ।

३. **लाभांश :**
संचालक समितिबाट आ.व. २०७०/७१ सम्मको मुनाफाबाट सेयरधनीहरुलाई चुक्ता सेयर पूँजीको ४६.५ प्रतिशतले हुने रकम रु.६ करोड ९६ लाख ९२ हजार ३ सय १५ बोनस सेयर बापत वितरण गर्न र २३.५ प्रतिशतले हुने रकम रु.३ करोड ५२ लाख २० हजार ८ सय ४७ नगद लाभांश (बोनस सेयर तथा नगद लाभांशको कर सहित) वितरण गर्न प्रस्ताव गरिएको छ।

## चालु वर्ष २०७१/७२ को उपलब्धि र भविष्यमा चाल्नु पर्ने कदमको बारेमा संचालक समितिको धारणा:

चालु आर्थिक वर्ष २०७१/७२ को कार्तिक मसान्तसम्म बैंकको प्रगति झलक गत वर्षको सोही मितिको तुलनामा निम्नानुसार भएको व्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | विवरण | २०७० कार्तिक मसान्त | २०७१ कार्तिक मसान्त | वृद्धि |
|---|---|---|---|---|
| १. | ग्राहक संख्या | १,७४,४१० | १,८९,८५८ | १५,४४८ |
| २. | निक्षेप (रु.) | १,२९,३३,९०,३३२ | १,७४,६६,२२,६७३ | ४५,३२,३२,३४१ |
| ३. | कर्जा तथा सापट(रु.) | २,९२,६९,९८,६३९ | ४,१६,५७,२७,६२४ | १,२३,८७,२८,९८५ |
| ४. | आम्दानी (रु.) | २२,३९,२७,९७७ | ३१,०८,७६,५४९ | ८,६९,४८,५७२ |
| ५. | खर्च (रु.) | १९,२६,१५,१८८ | २४,३५,२८,४५२ | ५,०९,१३,२६४ |
| ६. | नाफा (रु.) | ३,१३,१२,७८९ | ६,७३,४८,०९७ | ३,६०,३५,३०८ |

चालू आर्थिक वर्षमा कार्यक्रम नपुगेका जिल्लाहरु तथा कार्यरत जिल्ला भित्रका सम्भाव्य स्थानहरुको स्थलगत अध्ययन गरी तयार बनाएको व्यवसायिक योजनाबाट उपयुक्त ठहरिएका थप २ जिल्लाहरुमा कार्यालय खोली कार्यक्रम विस्तार गरिने छ। जसबाट आ.व.को अन्तसम्ममा ४७ जिल्लाहरुमा कार्यक्रम विस्तार हुनेछ भने थप ५० गा.वि.स./न.पा.हरुमा कार्यक्रम विस्तार गरी जम्मा १०२४ गा.वि.स./न.पा. हरुमा कारोबार संचालन हुने लक्ष्य लिइएको छ। त्यसैगरी आ.व. २०७१/७२ मा हाल बैंकको कार्यक्रम

रहेका जिल्लाहरु भित्र र थप हुने जिल्ला समेत गरी ५ नयाँ शाखा कार्यालयहरु खोलिनेछन् । सोका लागि संभाव्यता अध्ययन सुरु गरिसकिएको छ । सदस्य वृद्धि तर्फ यस आ.व. २०७१/७२ मा नयाँ सदस्य १७,००० वृद्धि गरी आ.व.को अन्तसम्म बाँकी सदस्य २,०५,०४३ पुऱ्याउने लक्ष्य रहेको छ । लगानीमा रहिरहेको कर्जा ९१ करोड १६ लाख ६२ हजार वृद्धि गरी रु.४ अर्ब ८२ करोड २७ लाख ५३ हजार पुऱ्याउने लक्ष्य लिइएको छ । चालू आ.व.मा ५८ जना प्रशिक्षार्थी नयाँ भर्ना लिइएको छ भने कर्मचारीहरुको तलव सुविधामा वृद्धि गरिएको तथा विभिन्न तालिम तथा क्षमता अभिवृद्धि कार्यहरुमा पनि विशेष जोड दिइएको छ । यसबाट कर्मचारीमा उत्साह बढेकोले सो लक्ष्य हासिल हुने विश्वास लिएको छु ।

हामीले आफ्नो विस्तारित कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न फिल्ड कार्यालयहरुलाई अझ बढी सक्रिय बनाई छिटो छरितो ग्राहकलाई सेवा पुऱ्याउने, फिल्ड कार्यालयहरुलाई बढी जिम्मेवार बनाउन केन्द्रीय कार्यालयबाट नीति निर्देशन प्रवाह गर्ने र प्रभावशाली अनुगमन पद्धतिद्वारा लक्ष्य अनुसारको प्रगति हासिल गर्न केन्द्रित रहने रणनीति लिएका छौ ।

कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका अन्य विवरणहरु अनुसूची “क” मा प्रस्तुत गरिएको छ ।

### अन्य गतिविधिहरू :

व्यवस्थित रुपले कार्यक्रम संचालनको लागि भई रहेका नीति नियमलाई परिमार्जन गरी समय सापेक्ष बनाउने, ग्राहक मैत्री अवधारणालाई आत्मसात गर्ने तथा गुणस्तरीय सेवा प्रदान गर्नको लागि आवश्यक नयाँ नीति नियमहरु बनाएर कार्यान्वयनमा ल्याउने क्रमलाई निरन्तरता दिइएको छ । बैंकको जीवन तथा आवास सुरक्षण योजना व्यवस्था अन्तर्गत मृत्यु भएका ३१७ सदस्यका परिवारहरुलाई रु. १९ लाख ३ हजार २ सय र पति मृत्यु भएका १,८९५ सदस्यहरुलाई रु. ४७ लाख १२ हजार ४ सय ५० राहत सुविधा प्रदान गरिएको छ । त्यस्तै, आगलागी, बाढी, पहिरो आदिबाट स्वबासी घर गुमाएका १४७ सदस्यलाई रु. २ लाख ९५ हजार ६ सय ५० र पहिलो दुई सन्तानसम्म जन्म दिएका ३,२६६ सदस्यहरुलाई रु. ३२ लाख ६७ हजार ६ सय राहत सुविधा प्रदान गरिएको छ । पुराना ग्राहक सदस्यहरुलाई समीक्षा आर्थिक वर्षमा सम्मान समेत गरिएको छ । हाल व्यवस्थापन सूचना प्रणालीलाई शाखा तहमा कम्प्युटराइज्ड गरिसकिएको छ । शाखाहरुलाई उनीहरुको कार्यसम्पादनको आधारमा ग्रेडिङ्ग गर्ने प्रणली सुरुवात गरिएको छ ।

### अन्तमा :

यस बैंकलाई सेवा गर्ने महत्वपूर्ण अवसर दिएर बैंकलाई यस गौरवपूर्ण अवस्थासम्म पुऱ्याउने ग्राहक सदस्य महिलावर्गलाई हार्दिक धन्यवाद प्रदान गर्दछु । हाम्रा आन्तरिक कारणले सदस्यहरुमा परेको असुविधाकोलागि दुःख प्रकट गर्दछु । सदस्यहरुबाट यस बैंक प्रति देखाएको विश्वासलाई कदर तथा सराहना गर्दै समस्त सदस्य महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

बैंकको कार्य सम्पादनमा निरन्तर सहयोग, प्रोत्साहन र मार्गदर्शन गरी सहयोग गर्ने सबै सेयरधनी व्यक्ति तथा संस्था स्वावलम्बन विकास केन्द्र, नेपाल इन्भेष्टमेण्ट बैंक लि., नबिल बैंक लिमिटेड, हिमालयन बैंक लि., महिला सहकारी संस्था तथा महानुभावहरु, नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., नबिल इन्भेटमेन्ट बैकिङ्ग लि लगायत सबैलाई हार्दिक आभार प्रकट गर्दछु ।

विपन्न वर्गमा कर्जा प्रवाहका लागि आवश्यक कर्जा सापट उपलब्ध गराउने यस बैंकका प्रबर्द्धक बैंकहरु लगायतका अन्य बैंक तथा वित्तीय संस्थाहरु सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

परिश्रम साथ समयमा नै लेखापरीक्षण सम्पन्न गरिदिने लेखापरीक्षक तथा बैंकको उन्नति प्रगतिमा आफ्नो क्षेत्रबाट आ-आफनो कार्य सुचारुरुपले संचालन गरी बैंकको कार्यसफलतामा योगदान पुऱ्याउने प्रमुख कार्यकारी अधिकृत सहित बैंक व्यवस्थापन र सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

साथै, आगामी दिनमा पनि बैंकको सञ्चालक समिति तथा व्यवस्थापनले ग्राहक वर्ग र सेयरधनी महानुभावहरुकै आकांक्षा अनुसार काम गर्दै जानेछौं भन्ने विश्वास पुनः दिलाउन चाहन्छु ।

अन्तमा यस बैंकको स्थापना, कार्य संचालन तथा प्रगतिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गर्ने सबै सेयरधनी सदस्य महानुभावहरु, संस्थाहरु तथा शुभ चिन्तकहरुलाई सञ्चालक समिति तथा मेरो आफ्नो तर्फवाट कृतज्ञता सहित धन्यवाद दिदै भविष्यमा पनि यस बैंकको उत्तरोत्तर प्रगतिको लागि आवश्यक सल्लाह, सुझाव र सहयोग प्राप्त भइरहने छ भन्ने आशा राखेको छु ।

धन्यवाद !

सञ्चालक समितिका तर्फबाट
विजेन्द्र सुवाल
अध्यक्ष

मिति २०७१ पुस २७ गते आइतबार ।

## अनुसूची "क"

क) समीक्षा वर्षमा बैंकबाट कुनै किसिमका सेयरहरु जफत गर्ने कार्य नभएको ।

ख) समीक्षा वर्षमा बैंकको कुनै मुख्य वा सहायक कम्पनी नरहेको ।

ग) यस बैंकको ५ प्रतिशत वा सोभन्दा बढी सेयर ग्रहण गर्ने आधारभूत सेयरधनीका रुपमा स्वावलम्बन विकास केन्द्र, नविल बैंक लि., नेपाल इन्भेष्टमेन्ट बैंक लि., हिमालयन बैंक लि. र महिला सहकारी संस्था लि. रहेका छन् । ती संस्थाहरुबाट सेयरधनीको रुपमा छुट्टै विशेष जानकारी प्राप्त भएको छैन ।

घ) बैंकका संचालक तथा पदाधिकारीहरुले यस बैंकको साधारण सभाबाट पारित बोनस सेयर ग्रहण गर्ने बाहेक सेयर कारोबारमा अरु कुनै संलग्नता छैन ।

आर्थिक वर्ष २०७०/७१ को अन्तमा बैंकका संचालक तथा पदाधिकारीहरुले देहाय बमोजिमको सेयर धारण गरेका छन् :

| क्र.सं. | नाम, पद | ग्रहण गरेको कुल सेयर |
|---|---|---|
| १. | श्री अमराज खड्का, संचालक | ५८६ कित्ता |
| २. | श्री सतीश कुमार श्रेष्ठ , संचालक | १०,०९२ कित्ता |
| ३. | श्री रामप्रसाद पाण्डे, संचालक | ४३२ कित्ता |
| ४. | श्री चन्द्रकान्त काफ्ले, का.मु. विभागीय प्रबन्धक | ५४४ कित्ता |
| ५. | श्री चन्द्रमणि चौलागाँई, नायब विभागीय प्रबन्धक | ५३२ कित्ता |

ङ) विगत आर्थिक वर्षमा यस बैंकसँग सम्बन्धित सम्झौताहरुमा यस कम्पनीका कुनै संचालक तथा निजको नजिकको नातेदारको कुनै व्यक्तिगत स्वार्थ रहेको जानकारी छैन । बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनीका आधारभूत सेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाबाट बैकसंग कुनै कारोबार भएको छैन । तर संस्थापक सेयरधनी बैंकहरुसँग विपन्न वर्ग कर्जा लिइएको छ ।

च) समीक्षा वर्षमा बैंकले आफ्नो कुनै सेयर आफूले खरिद गरेको छैन ।

छ) समीक्षा वर्षमा बैंकले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम कुनै सम्पत्ति खरिद वा बिक्री गरेको छैन ।

ज) संचालकहरु, प्रमुख कार्यकारी अधिकृतलाई आ.ब.२०७०/७१ मा भुक्तानी भएको रकमः

- संचालकहरुलाई बैठक भत्ता बापत जम्मा भुक्तान भएको रु.४,८९,००० ।
- कार्यकारी प्रमुखलाई पारिश्रमिकको रुपमा जम्मा भुक्तान गरिएको रु. १०,४९,३७५ ।

झ) २०७१ आषाढ मसान्तसम्म सेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम रु.१९,५५,६४४ रहेको छ ।

ञ) कम्पनी ऐन तथा अन्य प्रचलित कानून बमोजिम यस प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा छैनन् ।

ट) अन्य आवश्यक कुराहरु : छैनन् ।

# सुन्दर एण्ड कम्पनी

## चार्टर्ड एकाउण्टेण्टस्

पुल्चोक(मचागा), ललितपुर २०/८घ
काठमाडौं पो.ब.नं. ३१०२ नेपाल

फोन नं:५५२१८०४ ,५५२९९४२
फ्याक्स नं :९७७१-५५२४८०४
Email:SUNDAR@amit.wlink.com.np

### स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेडका शेयरधनी महानुभावहरु समक्ष
### स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**वित्तीय विवरणमाथि प्रतिवेदन :**

हामीले यसैसाथ संलग्न स्वावलम्बन लघुवित्त विकास बैंक लि. को वित्तीय विवरणहरु, सोसंग समाविष्ट ३२ आषाढ २०७१ को वासलात तथा सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान हिसाब, स्वामित्व कोष (Equity) मा भएको परिवर्तन, नगद प्रवाह विवरण तथा महत्वपूर्ण लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको सारको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**वित्तीय विवरणहरुप्रतिको व्यवस्थापनको उत्तरदायित्व :**

प्रचलित कानूनको अधिनमा रहि नेपाल लेखामान अनुसार यी वित्तीय विवरणहरु तयार गर्ने तथा सहि प्रस्तुतिकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत रुपमा त्रुटीपूर्ण रहित वित्तीय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको बनावट, कार्यान्वयन र कायम गर्ने, उपयुक्त लेखा नीतिको छनौट एंव प्रयोग तथा परिस्थिती अनुरुप उचित लेखा अनुमानको प्रयोग पनि समावेश हुन्छ ।

**लेखापरीक्षकको उत्तरदायित्व :**

लेखापरीक्षणको आधारमा यी वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गर्‍यौं । सो लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीपूर्ण प्रस्तुती रहित छ भन्ने कुरामा उचित रुपमा आश्वस्त हुनको लागि लेखापरीक्षण गर्दा नैतिक आवश्यकताको परिपालन तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको प्रमाण प्राप्ति गर्न लेखापरीक्षणका कार्यविधिको साथै वित्तीय विवरणहरु जालसाजी वा त्रुटीबाट सारभूत रुपमा त्रुटीपूर्ण हुने जोखिमको मुल्याङ्कन लेखापरीक्षकको विवेकमा निर्भर हुन्छ । उक्त जोखिमको मुल्याङ्कन गर्दा सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सहि प्रस्तुतिकरणसंग सम्बन्धित आन्तरिक नियन्त्रणको प्रभावकारीता माथि बिचार व्यक्त नगर्ने गरी आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै विवरणहरुको समग्र प्रस्तुतिकरणको मुल्याङ्कन पनि लेखापरीक्षणमा समाबेश हुन्छ ।

हामीले प्राप्त गरेको प्रमाणहरु हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्
अडिटर्स

**बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा कम्पनी ऐन २०६३ को प्रावधानहरुको आवश्यकता माथि प्रतिवेदन**

उपरोक्त अनुसार वित्तीय विवरणहरुको छड्के परीक्षणको आधारमा लेखापरीक्षण गरी देहाय बमोजिम प्रतिवेदन गर्दछौं :

क) लेखापरीक्षणको क्रममा आवश्यक ठानेका सूचनाहरु एंव सोधनी भएका कुराहरुको जवाफ पायौं ।

ख) हाम्रो रायमा प्रस्तुत वित्तीय विवरणहरु बैंकले राखेको हिसाब किताबहरुसंग दुरुस्त छन् र तिनीहरु प्रचलित कानून तथा प्रचलन अनुसार तयार भएका छन् ।

ग) हाम्रो रायमा बैंकका शाखाहरुबाट प्राप्त विवरणहरु स्वतन्त्र लेखा परीक्षण नगरिएको भएतापनि लेखापरीक्षणको निमित्त पर्याप्त छन् ।

घ) हाम्रो रायमा, हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टीकरण र बैंकको हिसाव किताबको लेखापरीक्षणको सिलसिलामा संचालक समिति वा कुनै संचालक वा कुनै कर्मचारीले जानाजानी लेखा सम्बन्धि कानूनी व्यवस्था विरुद्ध कामकाज गरेको वा बैंकलाई हानी नोक्सानी गरेको वा बैंकको कोषको हिनामिना गरेको वा नेपाल राष्ट्र बैंकको निर्देशन उल्लंघन गरेको तथा यसका निक्षेपकर्ताहरुको हित वा सुरक्षा विरुद्ध काम गरेको हाम्रो जानकारीमा आएको छैन ।

ङ) हाम्रो रायमा बैंकले पूंजीकोष तथा नोक्सानी व्यवस्था पर्याप्त मात्रामा राखेको छ । बैंकको हिसाब किताबको परीक्षणबाट बैंकको कारोवार आफ्नो अधिकार भित्र रहेको पायौं ।

**वित्तीय विवरण उपर लेखापरीक्षकको राय:**

हाम्रो रायमा तथा हामीले पाएसम्मको सूचना एंव स्पष्टीकरणको आधारमा प्रचलित कानूनका अधिनमा रहि लागु गर्न सकिने हदसम्म संलग्न वित्तीय विवरणहरु नेपाल लेखामान अनुसार तयार पारिएको छ र सोमा संलग्न गरिएका टिप्पणीहरुका साथ अध्ययन गर्दा, यी विवरणहरुले ३२ आषाढ २०७१ (१६ जुलाई २०१४) को बैंकको वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको अवधिको संचालन नतिजा एंव नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ ।

सुन्दर मान श्रेष्ठ, एफ.सी.ए.
साझेदार
सुन्दर एण्ड कम्पनी,
चार्टर्ड एकाउण्टेण्टस्

मिति: २०७१।०८।०७

निर्देशन फा.नं..घ ४.१

## स्वावलम्बन लघुवित्त विकास बैंक लि.
## २०७१ साल आषाढ मसान्तको

# वासलात

| पूँजी तथा दायित्व | अनुसूची | यस वर्ष (रु) | गत वर्ष (रु) |
|---|---|---|---|
| १. सेयर पूँजी | ४.१ | २१९,५६८,२६१ | १४९,८७५,९४६ |
| २. जगेडा तथा कोषहरु | ४.२ | २५७,५२२,२१७ | १८४,२०३,९०० |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बाँकि कर्जा सापट | ४.४ | २,४३८,८१८,१६९ | १,५८४,४५४,४४० |
| ५. निक्षेप दायित्व | ४.५ | १,५९५,१६४,४१२ | १,१९२,१४०,९७९ |
| ६. प्रस्तावित नगद लाभाँश | | ३५,२२०,८४७ | १७,४७१,७९८ |
| ७. आयकर दायित्व | | ७,९००,८८७ | - |
| ८ अन्य दायित्व | ४.६ | २७६,०३०,२०१ | २०८,६५३,८७५ |
| **कुल पूँजी तथा दायित्व** | | ४,८३०,२२४,९९४ | ३,३३६,८००,९३८ |

| सम्पत्ति | अनुसूची | यस वर्ष (रु) | गत वर्ष (रु) |
|---|---|---|---|
| १. नगद मौज्दात (सिक्का समेत) | | २,०५६,३७९ | ३,१९३,३११ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | २०,०००,००० | १५,०००,००० |
| ३. बैंक / वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | ४३४,५७४,७९३ | १२,८५५,७१३ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | १५०,०००,००० | ३०९,६४०,७८५ |
| ५. लगानी | ४.८ | १६०,४६५,६२३ | ३०८,८१६,३०५ |
| ६. कर्जा सापट | ४.९ | ३,८५७,२३१,७७९ | २,५०१,३७४,३२८ |
| ७. स्थिर सम्पत्ति | ४.१० | २१,८७८,४३४ | २३,१८१,४०१ |
| ८. गैर बैकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | १८४,०१७,९८६ | १६२,७३९,०९४ |
| **कुल सम्पत्ति** | | ४,८३०,२२४,९९४ | ३,३३६,८००,९३८ |

| | |
|---|---|
| संभावित दायित्व | अनूसुची ४.१३ |
| सञ्चालकहरूको घोषणा | अनूसुची ४.२३ |
| पूँजीकोष तालिका | अनूसुची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनूसुची ४.२४(क) |
| प्रमुख सुचकाङ्कहरू | अनूसुची ४.२५ |
| प्रमुख लेखा नीतिहरू | अनूसुची ४.२६ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनूसुची ४.२७ |

४.१ देखि ४.१७ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अंग हुन्।

प्रमुख कार्यकारी अधिकृत
श्री नरेश मान प्रधान

संचालकहरु
श्री अमराज खड्का
श्री सतिश कुमार श्रेष्ठ
श्री राम प्रसाद पाण्डे
श्री शंकर नाथ कपाली
श्री गोविन्द मान श्रेष्ठ
श्री संजय नेपाल
श्री राम राज जोशी
श्री रविन्द्र नारायण प्रधान

अध्यक्ष
श्री बिजेन्द्र सुवाल

लेखापरीक्षक
सुन्दर मान श्रेष्ठ
श्री सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस

मितिः २०७१।८।५

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.
## मिति २०७०/४/१ देखि २०७१/३/३२ सम्म
# नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | यस वर्ष (रु) | गत वर्ष (रु) |
|---|---|---|---|
| १. व्याज आम्दानी | ४.१४ | ७७५,२९९,६३८ | ५६५,१००,०६९ |
| २. व्याज खर्च | ४.१५ | २२१,०४३,५४७ | १८२,९५३,९१३ |
| **खुद ब्याज आम्दानी** | | ५५४,२५६,०९१ | ३८२,१४६,१५६ |
| ४. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ६,५४८,४३४ | ६,२०५,०७१ |
| ५. सटही घटवढ आम्दानी | | - | - |
| **कुल सञ्चालन आम्दानी** | | ५६०,८०४,५२५ | ३८८,३५१,२२७ |
| ६. कर्मचारी खर्च | ४.१७ | २१२,५०९,२५७ | २२८,०३२,५६० |
| ७. अन्य सञ्चालन खर्च | ४.१८ | ५३,९१३,२९५ | ४६,०३२,२५६ |
| ८. सटही घटवढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | | २९४,३८१,९७३ | ११४,२८६,४१२ |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.१९ | ११,४७९,९६७ | १५,१३१,५७५ |
| **सञ्चालन मुनाफा** | | २८२,९०२,००६ | ९९,१५४,८३७ |
| १०. गैर सञ्चालन आम्दानी/(खर्च) | ४.२० | ३७५,००० | २,५१४,८१३ |
| ११ सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | ४.२१ | १,६३७,७६३ | ६,५३७,६०६ |
| **नियमित कारोवारवाट भएको मुनाफा** | | २८४,९१४,७६९ | १०८,२०७,२५६ |
| १२. असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | ४.२२ | (६२,१५१) | (५,४६५,८७७) |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | २८४,८५२,६१८ | १०२,७४१,३७९ |
| १३. कर्मचारी बोनस ब्यबस्था | | २५,८९५,६९३ | ९,३४०,१२५ |
| १४ आयकर व्यवस्था | | ७८,८०८,६६७ | ३०,०१६,६८९ |
| • यस वर्षको कर ब्यबस्था | | ८७,२४८,७७३ | ४४,७७३,९२० |
| • स्थगन गरिएको कर खर्च /(आम्दनी) | | (८,४४०,१०६) | (१४,७५७,२३१) |
| • गत वर्षको | | | |
| **खुद नाफा/नोक्सान** | | १८०,१४८,२५८ | ६३,३८४,५६५ |

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसाबका अभिन्न अङ्ग हुन् ।

प्रमुख कार्यकारी अधिकृत
श्री नरेश मान प्रधान

संचालकहरु
श्री अमराज खड्का
श्री सतिश कुमार श्रेष्ठ
श्री राम प्रसाद पाण्डे
श्री शंकर नाथ कपाली
श्री गोविन्द मान श्रेष्ठ
श्री संजय नेपाल
श्री राम राज जोशी
श्री रविन्द्र नारायण प्रधान

अध्यक्ष
श्री बिजेन्द्र सुवाल

लेखापरीक्षक
सुन्दर मान श्रेष्ठ
श्री सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस

मितिः २०७१।८।५

## स्वावलम्बन लघुवित्त विकास बैंक लि.

# नाफा नोक्सान बाँडफाँड हिसाब

### मिति २०७०/४/१ देखि २०७१/३/३२ सम्म

| विवरण | | यस वर्ष रू | गत वर्ष रू. |
|---|---|---|---|
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको संचित मुनाफा | | १,४९१,१४३ | १,९९९,७४१ |
| २. यस वर्षको मुनाफा | | १८०,१४८,२५८ | ६३,३८४,५६५ |
| ३. सटही घटबढ कोष | | - | - |
| **जम्मा** | | १८१,६३९,४०१ | ६५,३८४,३०६ |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | | - | - |
| २. यस वर्षको नोक्सान | | - | - |
| ३. साधारण जगेडा कोष | | ३६,०२९,६५२.०० | १२,६७६,९१३.०० |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरू | | ८००,०००.०० | ५००,०००.०० |
| ८. प्रस्तावित लाभांश | | ३५,२२०,८४७.०० | १७,५६४,५९८.०० |
| ९. प्रस्तावित बोनस सेयर | | ६९,६९२,३१५.०० | १८,३९४,४२१.०० |
| १०. विशेष जगेडा कोष | | - | - |
| ११. सटही घटबढ कोष | | - | - |
| १२. पूंजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पूंजी समायोजन कोष | | - | - |
| १४. जीवन तथा आवास सुरक्षण कोष | | - | - |
| १५. पशुधन सुरक्षण कोष | | - | - |
| १६. सामाजिक सेवा कोष | | १,०००,०००.०० | |
| १७. स्थगन कर जगेडा | | ८,४४०,१०६.०० | १४,७५७,२३१ |
| **जम्मा** | | १५१,१८२,९२० | ६३,८९३,१६३ |
| १८. सञ्चित मुनाफा/(नोक्सान) | | ३०,४५६,४८१ | १,४९१,१४३ |

स्वावलम्बन लघुवित्त विकास बैंक लि.

# इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

आर्थिक वर्ष २०७०/७१ (रू)

| विवरण | सेयर पूँजी | संचित नाफा/ नोक्सान | साधारण जगेडा कोष | पूँजीगत जगेडा कोष | सेयर प्रिमियम | सटही घटबढ कोष | स्थगन कर जगेडा | अन्य जगेडा तथा कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| **१ श्रावणको मौज्दात** | १४९,८७५,९४६ | १,४९१,१४३ | ७४,६३२,२२१ | ३,८४४,९३१ | ८६८,७६२ | - | ४८,७६३,०८५ | ५४,६०३,७५८ | ३३४,०७९,८४६ |
| स्थगन कर जगेडा | | | | | | | | | |
| **समायोजित शुरु मौज्दात** | १४९,८७५,९४६ | १,४९१,१४३ | ७४,६३२,२२१ | ३,८४४,९३१ | ८६८,७६२ | - | ४८,७६३,०८५ | ५४,६०३,७५८ | ३३४,०७९,८४६ |
| **समायोजन** | | | | | | | - | | |
| यो बर्षको खुद नाफा | - | १८०,१४८,२५८ | - | - | - | - | - | - | १८०,१४८,२५८ |
| साधारण जगेडा कोषमा गरिएको रकमान्तर | - | (३६,०२९,६५२) | ३६,०२९,६५२ | - | - | - | - | - | - |
| प्रस्तावित लाभांश | - | (३५,२२०,८४७) | - | - | - | - | - | - | (३५,२२०,८४७) |
| प्रस्तावित बोनस शेयर | ६९,६९२,३१५ | (६९,६९२,३१५) | - | - | - | - | - | - | - |
| कर्मचारी कल्याण कोष | - | (८००,०००) | - | - | - | - | - | - | (८००,०००) |
| सेयर प्रिमियम | - | - | - | - | - | - | - | - | - |
| फ्याक्सन तथा अनुपात मिलाउँदा समायोजन गरिएकोको सेयर | | - | - | - | - | - | - | - | - |
| अन्य स्वतन्त्र कोष | - | - | - | - | - | - | - | - | - |
| संस्था विकास कोष | - | - | | | | | | - | - |
| कल्स इन एडभान्स | - | - | - | - | - | - | - | - | - |
| पुंजी समायोजन कोष | - | - | - | - | - | - | - | - | - |
| जीवन तथा आवास सुरक्षण कोष | - | - | - | - | - | - | - | - | - |
| सामाजिक सेवा कोष | | (१,०००,०००) | | | | | | | (१,०००,०००) |
| स्थगन कर जगेडा | | (८,४४०,१०६) | | | | | ८,४४०,१०६ | | - |
| पुंजीगत जगेडा (अनुदानमा प्राप्त सम्पत्ति) | | | | (११६,७७९) | | | | | (११६,७७९) |
| **३१ आषाढको अन्तिम मौज्दात** | २१९,५६८,२६१ | ३०,४५६,४८१ | ११०,६६१,८७३ | ३,७२८,१५२ | ८६८,७६२ | - | ५७,२०३,१९१ | ५४,६०३,७५८ | ४७७,०९०,४७८ |

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.

## नगद प्रवाह विवरण

**मिति २०७०/४/१ देखि २०७१/३/३२ सम्म**

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **(क) कारोबार संचालनबाट नगद प्रवाह** | ४६२,०४४,५७९ | (१९,१९४,९८५) |
| **१. नगद प्राप्ति** | ७८२,९६१,८४९ | ५७१,३०५,१४० |
| १.१ व्याज आम्दानी | ७७५,२९९,६३८ | ५६५,१००,०६९ |
| १.२ अपलेखित कर्जाको असुली | १,११३,७७७ | - |
| १.३ कमिशन तथा अन्य आम्दानी | ६,५४८,४३४ | ६,२०५,०७१ |
| **२. नगद भुक्तानी** | ५७६,५३५,८८३ | ५५०,७१४,०६१ |
| २.१ व्याज खर्च | २२१,०४३,५४७ | १८२,९५३,९१३ |
| २.२ कर्मचारी खर्च | २१२,५०९,२५७ | २२८,०३२,५६० |
| २.३ कार्यालय संचालन खर्च | ५३,९१३,२९५ | ४६,०३२,२५६ |
| २.४ आयकर भूक्तानी | ७७,२१४,८१७ | ३०,०१६,६८९ |
| २.५ अन्य खर्च | ११,८५४,९६७ | ६३,६७८,६४४ |
| **कार्यगत पूंजी गतिविधि अघिको नगद प्रवाह** | २०६,४२५,९६६ | २०,५९१,०७९ |
| **सञ्चालन सम्बन्धी चालु सम्पतिमा कमी/(बृद्धी)** | (१,०६९,१४४,८७५) | (४८१,५१०,३३६) |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | १५९,६४०,७८५ | (१८६,७०९) |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | १४८,३५०,६८३ | (६६०,०४७) |
| ३. कर्जामा कमी/(वृद्धि) | (१,३५५,८५७,४५१) | (४४५,९७५,११२) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (२१,२७८,८९२) | (३४,६८८,४६८) |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि** | १,३२४,७६३,४८८ | ४४१,७२४,२७२ |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | ४०३,०२३,४३३ | १९०,०२०,५२८ |
| २. अल्पकालीन सापटीमा (कमी) /वृद्धि | ८५४,३६३,७२९ | २६१,१२५,०९९ |
| ३. अन्य दायित्वमा (कमी)/ वृद्धि | ६७,३७६,३२६ | (९,४२१,३५५) |
| **(ख) लगानी कारोवारमा नगद प्रवाह** | १,३०२,९६६ | (५,१७६,१०१) |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | - | - |
| २. स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | १,३०२,९६६ | (५,१७६,१०१) |
| ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - | - |
| ४. लाभांश आम्दानी | - | - |
| ५. अन्य | - | - |
| **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | (३७,७६५,३९८) | १३,७०४,८७८ |
| १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - | - |
| २. शेयर पूंजीमा वृद्धि/(कमी) | ६९,६९२,३१५ | १८,७६४,५३४ |
| ३. अन्य दायित्वमा वृद्धि/(कमी) | (१०७,४५७,७१३) | (५,०५९,६५६) |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | - | - |
| (घ) नगद तथा बैक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च | - | - |
| (ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | ४२५,५८२,१४७ | (१०,६६६,२०८) |
| (च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ३१,०४९,०२४ | ४६,३६८,३२६ |
| (छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ४५६,६३१,१७२ | ३१,०४९,०२४ |

अनुसूची : ४.१

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.
# सेयर पूँजी तथा स्वामित्व
## २०७१ साल आषाढ मसान्त

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| १. सेयर पूँजी | | |
| १.१ अधिकृत पूँजी | २०,००,००,००० | २०,००,००,००० |
| क) २०,००,००० साधारण सेयर प्रति सेयर रू. १०० ले | २०,००,००,००० | २०,००,००,००० |
| ख) ......... नन्रिडिमेवल प्रिफरेन्स सेयर प्रति सेयर रू. ....... ले | – | – |
| ग) ......... रिडिमेवल प्रिफरेन्स सेयर प्रति सेयर रू. ....ले | – | – |
| १.२ जारी पूँजी | १४९,८७५,९४६ | १३१,३८८,७२५ |
| क) १४९८७५९ साधारण सेयर प्रति सेयर रू. १०० ले | १४९,८७५,९४६ | १३१,३८८,७२५ |
| ख) ......... नन्रिडिमेवल प्रिफरेन्स सेयर प्रति सेयर रू. ....... ले | – | – |
| ग) ......... रिडिमेवल प्रिफरेन्स सेयर प्रति सेयर रू.............ले | – | – |
| १.३ चुक्ता पूँजी | १४९,८७५,९४६ | १३१,३८८,७२५ |
| क) १४९८७५९ साधारण सेयर प्रति सेयर रू. १०० ले | १४९,८७५,९४६ | १३१,३८८,७२५ |
| ख) ........... नन्रिडिमेवल प्रिफरेन्स सेयर प्रति सेयर रू......... ले | – | – |
| ग) ..............रिडिमेवल प्रिफरेन्स सेयर प्रति सेयर रू. ............ले | – | – |
| १.४ प्रस्तावित बोनस सेयर | ६९,६९२,३१५ | १८,३९४,४२१ |
| १.५ कल्स इन एडभान्स | – | – |
| जम्मा (१.३+१.४+१.५) | २१९,५६८,२६१ | १४९,७८३,१४६ |

| सेयर स्वामित्व विवरण | यस वर्ष रु. | | गत वर्ष रु. | |
|---|---|---|---|---|
| | % | सेयर पूँजी | सेयर पूँजी | % |
| १. स्वदेशी स्वामित्व | | १४९,८७५,९४६ | १३१,३८८,७२५ | |
| १.१ नेपाल सरकार | | – | – | |
| १.२ "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरू | ३६% | ५४,०५३,७०० | ४७,४१५,३०० | ३६% |
| १.३ अन्य इजाजतपत्रप्राप्त संस्थाहरू | | – | – | |
| १.४ अन्य संस्थाहरू | २९% | ४३,०६३,८०० | ३७,७७५,२०० | २९% |
| १.५ सर्वसाधारण | ३०% | ४४,९६२,८४६ | ३९,३६०,६२५ | ३०% |
| १.६ अन्य (व्यक्तिगत संस्थापक) | ५% | ७,७९५,६०० | ६,८३७,६०० | ५% |
| २. बैदेशिक स्वामित्व | | – | – | |
| जम्मा | १००% | १४९,८७५,९४६ | १३१,३८८,७२५ | १००% |

नोटः माथि अनुसूचीमा उल्लिखित विवरण अन्तर्गत ०.५ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको व्यक्ति/समूह/फर्म/कम्पनीहरुको नाम, प्रतिशत र रकम छुट्टै विवरण निम्न अनुसार रहेको छ

| क्र.सं. | सेयरधनीको नाम | प्रतिशत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | स्वावलम्बन विकास केन्द्र | २२.७२% | ३४,०५४,८०० | संस्थापक |
| २ | नविल बैंक लिमिटेड | १२.०२% | १८,०१७,९०० | संस्थापक |
| ३ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | १२.०२% | १८,०१७,९०० | संस्थापक |
| ४ | हिमालयन बैंक लि. | १२.०२% | १८,०१७,९०० | संस्थापक |
| ५ | महिला सहकारी संस्था लि. | ६.०१% | ९,००९,००० | संस्थापक |
| ६ | विनोद कुमार तिमिल्सिना | १.१४% | १,७१०,६०० | सर्वसाधारण |
| ७ | राम कुमार श्रेष्ठ | १.०१% | १,५१४,१०० | संस्थापक |
| ८ | डा.सुमित्रा मानन्धर गुरुङ | १.००% | १,५०१,५०० | संस्थापक |
| ९ | काष्टमण्डप विकास बैंक | ०.८४% | १,२५७,९०० | सर्वसाधारण |
| १० | एवराज भट्टराई | ०.७७% | १,१५४,८०० | सर्वसाधारण |
| ११ | सतिश कुमार श्रेष्ठ | ०.६७% | १,००९,२०० | संस्थापक |
| १२ | नन्द राम बैद्य | ०.५९% | ८८३,३०० | संस्थापक |
| १३ | सगरमाथा मर्चान्ट बैंक एण्ड फाइनान्स | ०.५७% | ८५०,२०० | सर्वसाधारण |
| १४ | श्याम प्रसाद न्यौपाने | ०.५५% | ८२०,५०० | सर्वसाधारण |
| १५ | गौरी श्रेष्ठ | ०.५४% | ८१२,५०० | सर्वसाधारण |

स्वावलम्बन लघुवित्त विकास बैंक लि.

अनुसूची : ४.२

## जगेडा तथा कोषहरू

(२०७१ साल आषाढ मसान्त)

| विवरण | | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| **१. साधारण जगेडा/बैधानिक जगेडा कोष** | | ११०,६६१,८७३ | ७४,६३२,२२१ |
| **२. पूँजीगत जगेडा कोष** | | ४,५९६,९१४ | ४,७१३,६९३ |
| (क) स्वावलम्बन विकास केन्द्रबाट सरी आएको | ३५,४१,७५५ | | ३,५४१,७५५ |
| (ख) पूँजीगत जगेडा अनुदानमा प्राप्त सम्पत्ति (ह्रासपछिको) | १८६३९७.२४ | | ३०३,१७७ |
| (ग) सेयर प्रिमियम | ८,६८,७६२ | | ८६८,७६२ |
| **३. पूँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve)** | | – | – |
| **४. पूँजी समायोजन कोष** | | १९,८३२,२७९ | १९,८३२,२७९ |
| **५. अन्य जगेडा तथा कोष** | | ७५,२१४,४७० | ६६,७७४,३६४ |
| ५.१ भैपरी आउने जगेडा | | – | – |
| ५.२ संस्था विकास कोष | | – | – |
| ५.३ लाभांश समिकरण कोष | | – | – |
| ५.४ विशेष जगेडा कोष | | – | – |
| ५.५ सम्पत्ति पुनर्मूल्याङ्कन कोष | | – | – |
| ५.६ स्थगन कर जगेडा | | ५७,२०३,१९१ | ४८,७६३,०८५ |
| ५.७ अन्य स्वतन्त्र कोष | | १८,०११,२७९ | १८,०११,२७९ |
| ५.८ अन्य जगेडा कोष | | | |
| **६. सञ्चित नाफा/नोक्सान** | | ३०,४५६,४८१ | १,४९१,१४३ |
| **७. सटही घटबढ कोष** | | – | – |
| **८. सुरक्षण कोष :** | | १६,७६०,२०० | १६,७६०,२०० |
| ८.१ जीवन तथा आवास | | १५,३२६,२०० | १५,३२६,२०० |
| ८.२ पशुधन सुरक्षण | | १,४३४,००० | १,४३४,००० |
| **कुल जम्मा** | | २५७,५२२,२१७ | १८४,२०३,९०० |

स्वावलम्बन लघुवित्त विकास बैंक लि.

अनुसूची : ४.३

## ऋणपत्र तथा बण्ड

(२०७१ साल आषाढ मसान्त)

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| १. ......... | | |
| ......प्रतिशत वण्ड/ऋणपत्र प्रति वण्ड/ऋणपत्र ..... रू. ले ... मिति ...........मा जारी भएको र मिति......मा चुक्ता हुने (हालसम्मको Redemption Reserve रकम रु. .....) | – | – |
| २ ...... | | |
| प्रतिशत वण्ड/ऋणपत्र प्रति वण्ड/ऋणपत्र ..... रू. ले ... मिति ........... मा जारी भएको र मिति .......... मा चुक्ता हुने (हालसम्मको Redemption Reserve रकम रु. .....) | – | – |
| ३ ....... ......... | – | – |
| **जम्मा १+२+३** | – | – |

नोटः सुरक्षण राखी ऋणपत्र तथा वण्ड जारी गरिएको भएमा सुरक्षणको विवरण खुलाउनु पर्नेछ ।

स्वावलम्बन लघुवित्त विकास बैंक लि.

अनुसूची : ४.४

## तिर्न बाँकी कर्जा सापटी

(२०७१ साल आषाढ मसान्त)

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **क. स्वदेशी** | | |
| १. नेपाल सरकार | – | – |
| २. नेपाल राष्ट्र बैंक | – | – |
| ३. रिपो दायित्व | – | – |
| ४. अन्तर बैंक तथा वित्तीय संस्था | २,४३८,८१८,१६९ | १,५८४,४५४,४४० |
| क्र. सं. | संस्थापक/ संस्थापक समूह अन्तर्गत पर्ने सेयरधनीको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको सेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुक्ता पूँजीको प्रतिशत | कर्जा लिएको अन्य बैंक/ वित्तीय संस्थाको नाम | कर्जा रकम | धितोमा रहेको सेयर कित्ता संख्या | |
| १ | | | | | - | - | |
| २ | | | | | - | - | |
| | | | | | - | - | |

अनुसूची : २९

## Swabalamban Laghubitta Bikas Bank Ltd.

## Comparison of Unaudited and Audited Financial Statements as of FY 2070/71

Rs. in '000

| S. No. | Particulars | As per Unaudited Financial Statements | As per Audited Financial Statements | Variance | | Reasons for Variance |
|---|---|---|---|---|---|---|
| | | | | In Amount | In% | |
| 1 | Total Capital and Liabilities (1.1 to 1.7) | 4,910,795 | 4,830,225 | (80,570) | -1.64% | |
| 1.1 | Paid-up Capital | 149,876 | 219,568 | 69,692 | 46.50% | |
| 1.2 | Reserves and Surplus | 366,892 | 257,522 | (109,370) | -29.81% | अन्तिम लेखापरीक्षण हुंदा स्थगन कर तथा आम्दानी खर्चमा संशोधन भई खुद नाफामा परिवर्तन भएकोले । |
| 1.3 | Debenture and Bond | - | - | - | | |
| 1.4 | Borrowings | 2,438,808 | 2,438,818 | 10 | 0.0% | अन्तिम लेखापरीक्षण हुदा ओभर डाफट कर्जामा हुनु पर्ने रकम चल्ती खातामा रहेकोले । |
| 1.5 | Deposits (a+b) | 1,595,165 | 1,595,164 | (1) | 0.0% | |
| | a. Members | 1,595,165 | 1,595,164 | (1) | 0.0% | |
| | b. Public | - | - | - | | |
| 1.6 | Income Tax Liability | - | 7,901 | 7,901 | | अपरिस्कृत विवरणमा तिर्नु पर्ने संस्थागत अग्रिम आयकर कर नराखिएकोले फरक । |
| 1.7 | Other Liabilities | 360,054 | 311,251 | (48,803) | -13.55% | अपरिस्कृत विवरणमा भुक्तानी दिइसकेको लाभांस नघटाइएको र तिर्नु पर्ने अग्रीम आयकर अन्य दायित्वमा राखिएकोले । |
| 2 | Total Assets (2.1 to 2.7) | 4,910,795 | 4,830,225 | (80,570) | -1.64% | |
| 2.1 | Cash & Bank Balance | 37,677 | 456,631 | 418,954 | 1111.96% | अपरिस्कृत विवरणमा चल्ती खाताको रकम कल खातामा र परिस्कृत विवरणमा १ हप्ता भित्र नझिकिने रकम मात्र कलमा राखिएकोले । |
| 2.2 | Money at call and Short Notice | 568,891 | 150,000 | (418,891) | 0.0% | |
| 2.3 | Investments | 154,300 | 160,466 | 6,166 | 4.0% | अपरिस्कृत विवरणमा उपदान, संचित विदा, औषधि उपचार वापत व्यबस्था गरिएको रकम लगानीमा देखाइएकोमा अन्तिम लेखा परिक्षणमा सो संशोधन भएकोले । |
| 2.4 | Loans & Advances | 3,857,232 | 3,857,232 | (0) | 0.00% | |
| 2.5 | Fixed Assets | 21,891 | 21,878 | (12) | -0.06% | अन्तिम लेखापरीक्षण हुंदा ह्रास कट्टी रकममा परिवर्तन भएकोले । |
| 2.6 | Non Banking Assets | - | - | - | | |
| 2.7 | Other Assets | 270,805 | 184,018 | (86,787) | -32.05% | अपरिष्कृत विवरणमा भुक्तानी गरेको अग्रिम संस्थागत कर, वितरण गरेको लाभांश नघटाइएको र शुरक्षणबापतको सुविधा प्रदान गरेको रकम देखाइएकोले । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | Profit and Loss Account | | | - | | |
| 3.1 | Interest income | 777,847 | 775,300 | (2,548) | -0.33% | नागरिक लगानीकोषबाट प्राप्त ब्याज मिलान गरिएकोले । |
| 3.2 | Interest Expense | 221,026 | 221,044 | 18 | 0.01% | अपरिकृष्ट विवरणमा ब्याजखर्च कम लेखिएको । |
| A | Net Interest Income (3.1-3.2) | 556,822 | 554,256 | (2,565) | -0.46% | |
| 3.3 | Fees, Commission and Discount | - | - | - | | |
| 3.4 | Other Operating Income | 6,497 | 6,548 | 51 | 0.79% | अन्तिम लेखा परिक्षण हुँदा अपलेखन गरिएको कर्जालाई आम्दानीमा देखाइएकोले । |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | | | |
| B | Total Operating Income (A+3.3+3.4+3.5) | 563,319 | 560,805 | (2,514) | -0.45% | |
| 3.6 | Staff Expenses | 211,971 | 212,509 | 539 | 0.25% | अन्तिम लेखापरीक्षण हुदा अन्य संचालन खर्चको कर्मचारीलाइ दिईएको संचार तथा खाजा र तालिम खर्च रकम कर्मचारी खर्चमा जोडिएकोले । |
| 3.7 | Other Operating Expenses | 54,192 | 53,913 | (279) | -0.51% | अपरिस्कृत विवरणमा कर्मचारी संचार, खाजा र तालिम खर्च समेत समावेश भएको र खाडिचौरमा लुटिएको रकम खर्च नराखेको कारण । |
| C | Operating Profit Before Provision (B-3.6-3.7) | 297,156 | 294,382 | (2,774) | -0.93% | |
| 3.8 | Provision for Possible Losses | 10,297 | 11,480 | 1,183 | 11.48% | अन्तिम लेखापरीक्षण हुदा थप कर्जा नोक्सानी व्यवस्था गर्नु परेकोले । |
| D | Operating profit (C-3.8) | 286,858 | 282,902 | (3,956) | -1.38% | |
| 3.9 | Non Operating Income/Expenses (Net) | 320 | 375 | 55 | 0.00% | गाडी बिक्रीबाट प्राप्त रकम आम्दानी देखाइएकोले |
| 3.10 | Write Back of Provision for Possible Loss | - | 1,638 | 1,638 | 0.00% | अन्तिम लेखा परिक्षण हूंदा अपलेखित कर्जाको व्यवस्थालाई आम्दानी देखाइएकोले ' र गोर्खा बैकबाट प्राप्त रकम आम दानी देखाइएको |
| E | Profit From Regular Activities (D+3.9+3.10) | 287,178 | 284,915 | (2,264) | -0.79% | |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | (62) | (62) | 0.00% | अपरिस्कृत विवरणमा अपलेखन भएको कर्जाको असूली आम्दानी, असूली हून नसक्ने कर्जाको अपलेखन खर्च र अनूदानबाट प्राप्त सम्पत्तिको ह्रासकट्टी रकम आम्दानी देखाइ कुलमा ऋणात्मक आएको नदेखाइएकोले । |
| F | Profit Before Bonus and Taxes (E+3.11) | 287,178 | 284,853 | (2,326) | -0.81% | |
| 3.12 | Provision For Staff Bonus | 26,107 | 25,896 | (211) | -0.81% | बोनस तथा कर अघिको नाफामा परिवर्तन भएकोले । |
| 3.13 | Provision For Tax | 78,321 | 78,809 | 487 | 0.62% | स्थगनकर तथा आम्दानी खर्चमा संशोधन भएकोले । |
| G | Net Profit/Loss (F-3.12 -3.13) | 182,750 | 180,148 | (2,602) | -1.42% | उपरोक्त वमोजिम संशोधन भएकोले |

अनुसूची घ ४.२

### Swabalamban Laghubitta Bikas Bank Ltd.

# Unaudited Financial Results (Quarterly)

### As at 4th Quarter (16/07/2014) of the Fiscal Year 2013/2014

Rs. in '000

| S. No. | Particulars | This Quater Ending (32 Ashad 2071) | Previous Quarter Ending (31 Chaitra 2070) | Corresponding Previsous Year Quarter Ending (31 Ashad 2070) |
|---|---|---|---|---|
| 1 | Total Capital and Liabilities (1.1 to 1.7) | 4,910,795 | 4,467,502 | 3,336,801 |
| 1.1 | Paid-up Capital | 149,876 | 149,876 | 149,783 |
| 1.2 | Reserves and Surplus | 366,892 | 291,843 | 184,204 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 2,438,808 | 2,223,295 | 1,584,454 |
| 1.5 | Deposits (a+b) | 1,595,165 | 1,471,211 | 1,192,141 |
| | a. Member | 1,595,165 | 1,471,211 | 1,192,141 |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liability | - | - | - |
| 1.7 | Other Liabilities | 360,054 | 331,278 | 226,218 |
| 2 | Total Assets (2.1 to 2.7) | 4,910,795 | 4,467,502 | 3,336,801 |
| 2.1 | Cash & Bank Balance | 37,677 | 33,614 | 31,049 |
| 2.2 | Money at call and Short Notice | 568,891 | 289,558 | 309,641 |
| 2.3 | Investments | 154,300 | 246,967 | 308,816 |
| 2.4 | Loans & Advances | 3,857,232 | 3,622,237 | 2,501,374 |
| 2.5 | Fixed Assets | 21,891 | 24,184 | 23,181 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 270,805 | 250,941 | 162,739 |
| 3 | Profit and Loss Account | "UptoThis Quater (32 Ashad 2071)" | "Upto Previous Quarter (31 Chaitra 2070)" | "Upto Corresponding Previsous Year Quarter (31 Ashad 2070)" |
| 3.1 | Interest income | 777,847 | 533,650 | 565,100 |
| 3.2 | Interest Expense | 221,026 | 159,061 | 182,954 |
| A | Net Interest Income (3.1-3.2) | 556,822 | 374,589 | 382,146 |
| 3.3 | Fees, Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 6,497 | 4,695 | 6,205 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | Total Operating Income (A+3.3+3.4+3.5) | 563,319 | 379,284 | 388,351 |
| 3.6 | Staff Expenses | 211,971 | 161,786 | 223,379 |
| 3.7 | Other Operating Expenses | 54,192 | 41,849 | 50,685 |
| C | Operating Profit Before Provision (B-3.6-3.7) | 297,156 | 175,649 | 114,286 |
| 3.8 | Provision for Possible Losses | 10,297 | 6,771 | 15,132 |
| D | Operating profit (C-3.8) | 286,858 | 168,878 | 99,155 |
| 3.9 | Non Operating Income/Expenses (Net) | 320 | 320 | 2,515 |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | 6,538 |
| E | Profit From Regular Activities (D+3.9+3.10) | 287,178 | 169,198 | 108,207 |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | (5,466) |
| F | Profit Before Bonus and Taxes (E+3.11) | 287,178 | 169,198 | 102,741 |
| 3.12 | Provision For Staff Bonus | 26,107 | 15,382 | 9,340 |
| 3.13 | Provision For Tax | 78,321 | 46,145 | 30,017 |
| G | Net Profit/Loss (F-3.12 -3.13) | 182,750 | 107,671 | 63,385 |
| 4 | Ratios | "At the End of This Quater (32 Ashad 2071)" | "At the End of Previous Quarter (31 Chaitra 2070)" | "At the End of Corresponding Previsous Year Quarter (31 Ashad 2070)" |
| 4.1 | Capital Fund to RWA | 11.18% | 9.89% | 11.33% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.50% | 0.55% | 1.18% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 291% | 262% | 143% |
| 4.4 | Cost of Funds | 6.49% | 6.55% | 8.32% |

ने.रा.बैंक निर्देशन फा.नं. ९.१४

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.
## लेखापरीक्षण नभएको वित्तीय नतिजा
## आर्थिक वर्ष २०७१/७२ (प्रथम त्रैमासिक वित्तीय विवरण)

रु. हजारमा

| क्र.सं. | विवरण | यस त्रयमास (असोज, २०७१) | अधिल्लो त्रयमास अषाढ, २०७१ | गत वर्षको सम्बन्धित त्रयमास (असोज,२०७०) |
|---|---|---|---|---|
| १. | कुल पूँजी तथा दायित्व (१.१ देखि १.७ सम्म) | ५,१२६,७३३ | ४,९१०,७९५ | ३,७४२,१७२ |
| १.१ | चुक्ता पूँजी | १४९,८७६ | १४९,८७६ | १३१,३८९ |
| १.२ | जगेडा तथा कोषहरु | ४१७,७०९ | ३६६,८९२ | २४३,७५० |
| १.३ | ऋणपत्र तथा बण्डहरु | – | – | – |
| १.४ | सापटी | २,४५६,००२ | २,४३८,८०८ | १,८२८,७६१ |
| १.५ | निक्षेपहरु (अंआ) | १,७१३,८६३ | १,५९५,१६५ | १,२६९,१९४ |
| | अ. सदस्य | १,७१३,८६३ | १,५९५,१६५ | १,२६९,१९४ |
| | आ. सर्वसाधारण | – | – | – |
| १.६ | आयकर दायित्व | – | – | – |
| १.७ | अन्य दायित्वहरु | ३८९,२८४ | ३६०,०५४ | २६९,०७८ |
| २ | **कुल सम्पति (२.१ देखि २.७ सम्म)** | ५,१२६,७३३ | ४,९१०,७९५ | ३,७४२,१७२ |
| २.१ | नगद तथा बैंक मौज्दात | ५६,२३१ | ३७,६७७ | ४९,८०१ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ५४८,३४० | ५६८,८९१ | २५७,६४४ |
| २.३ | लगानी | १८६,१३० | १५४,३०० | ३१९,२०८ |
| २.४ | कर्जा तथा सापट | ४,०५२,९८३ | ३,८५७,२३२ | २,८८५,९०५ |
| २.५ | स्थिर सम्पति | २२,६२१ | २१,८९१ | २४,७२३ |
| २.६ | गैर बैकिङ्ग सम्पति | – | – | – |
| २.७ | अन्य सम्पतिहरु | २६०,४२८ | २७०,८०५ | २०४,८९१ |
| ३ | **नाफा नोक्सान हिसाव** | **यस त्रयमाससम्म** | **अधिल्लो त्रयमाससम्म** | **गत वर्षको सम्बन्धित त्रयमाससम्म** |
| ३.१ | ब्याज आम्दानी | २३२,७३२ | ७७७,८४७ | १५९,९६० |
| ३.२ | ब्याज खर्च | ५९,३१४ | २२१,०२६ | ५२,४५८ |
| **क** | **खुद ब्याज आम्दानी (३.१(३.२)** | १७३,४१७ | ५५६,८२१ | १०७,५०२ |
| ३.३ | फी, कमिशन तथा डिस्काउण्ट | – | ०.०० | – |
| ३.४ | अन्य सञ्चालन आम्दानी | १,९२० | ६४९७.०२ | १,६९१ |
| ३.५ | सटही घटवढ आम्दानी | – | ०.०० | – |
| **ख** | **कुल संचालन आम्दानी (क+३.३+३.४+३.५)** | १७५,३३७ | ५६३,३१९ | १०९,१९३ |
| ३.६ | कर्मचारी खर्च | ८०,८६६ | २११,९७१ | ५९,३४३ |
| ३.७ | अन्य संचालन खर्च | १४,८६० | ५४,१९२ | १५,०७१ |
| **ग** | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा (ख(३.६(३.७)** | ७९,६११ | २९७,१५६ | ३४,७८० |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | – | १०,२९७ | ३,१७९ |
| **घ** | **सञ्चालन मुनाफा (ग–३.८)** | ७९,६११ | २८६,८५८ | ३१,६०१ |
| ३.९ | गैर सञ्चालन आम्दानी/(नोक्सान) (खुद) | २ | ३२० | – |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २४२ | – | – |
| **ङ** | **नियमित कारोवारहरूबाट भएको मुनाफा/(खर्च) (घ+३.९+३.१०)** | ७९,८५५ | २८७,१७८ | ३१,६०१ |
| ३.११ | असाामान्य कारोवारहरुबाट भएको मुनाफा/ (खर्च) (खुद) | – | – | – |
| | अनुदानमा प्राप्त सम्पतिको ह्रासकट्टी रकम आम्दानी | – | – | – |
| **च** | **बोनस तथा कर अघिको मुनाफा (३.११)** | ७९,८५५ | २८७,१७८ | ३१,६०१ |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ७,२६० | २६,१०७ | २,८७३ |
| ३.२ | आयकर व्यवस्था | २१,७७९ | ७८,३२१ | ८,६१८ |
| **छ** | **खुद नाफा/(नोक्सान) (च–३.१२–३.१३)** | ५०,८१७ | १८२,७५० | २०,११० |
| ४ | **अनुपातहरू (%)** | **यस त्रयमास** | **अधिल्लो त्रयमास** | **गत वर्षको सम्बन्धित त्रयमास** |
| ४.१ | पूँजीकोष/जोखिम भारित रकम | ११.८१% | ११.१८% | १०.७८% |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा | ०.४३% | ०.५०% | १.०९% |
| ४.३ | सम्भावित नोक्सानी व्यवस्था/ कुल निष्क्रिय कर्जा | ३२१% | २९१% | १७०% |
| ४.४ | पूँजीको लागत ( ऋयकत या ँगलम ) | ५.७८% | ६.४९% | ६.७९% |
| ४.५ | कर्जा निक्षेप अनुपात (ने.रा.बैं.को निर्देशन बमोजिमको ) | २३६% | २४२% | २२७% |

If the statutory and supervising authority notifies to change the Un-Audited Financial Statements, the final figures may change accordingly.

केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं
फोन: ४१२८२३
फ्याक्स नं. ४४१२२२४
E-mail : mfd@nrb.org.np
Web site : www.nrb.org.np
टेलेक्स : २२०७ रावा एनपी
पोष्टवक्स : ७३

# नेपाल राष्ट्र बैंक
## लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

पत्र संख्या ल.वि.प्र.सु.वि.गैरस्थलगत/६ स्वावलम्बन/१/०७१/७२ मिति: २०७१/८/२५

**श्री स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड**
**लालदरबार, काठमाडौं ।**

विषय: **वार्षिक वित्तीय विवरणहरु प्रकाशित गर्ने स्वीकृति सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७०/७१ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट समेतका आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा देहाय बमोजिमका निर्देशनहरु दिईएको छ ।

१. संस्था छाडिसकेका कर्मचारीहरुसंग संस्थाले लिनु पर्ने सम्पुर्ण रकम असूल उपर गर्नु हुन ।

२. यस बैंकको निर्देशन बमोजिम रु. ५० हजारभन्दा बढीको कर्जा प्रवाह गर्नु अगावै स्थानीय स्तरमा रहेका वित्तीय संस्थाहरुबाट शाख सूचना लिने निर्देशनको पूर्णरुपमा पालना गर्नु हुन ।

३. संस्थाको औषत प्रतिफल दर (Rate of Return) २१.६७ प्रतिशत र औषत ब्ययभार (Cost of Fund) ६.४९ प्रतिशत भई औषत ब्याजदर फरक (Interest Rate Spread) १५.१८ प्रतिशत हुने देखिएकोले वित्तीय मध्यस्थता लागत कम गर्ने गरी आफ्नो Pricing Policy मा उपयुक्त तवरबाट परिवर्तन गर्न । साथै, यस अगाडि दिइएको निर्देशन पालना नगर्नुको कारण स्पष्ट पार्नु हुन ।

४. यस बैंकबाट इजाजतपत्रप्राप्त घ वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन नं. १०.१० को विपरित महिला सहकारी संस्था लि. ले संस्थापक शेयरमा लगानी गरेको रकमलाई यस बैंकको निर्देशन बमोजिम विनिवेश गर्नु हुन ।

५. सदस्यता प्रदान गर्दा भरिने विवरणहरुको आधारमा विपन्न वर्गलाई मात्र विपन्न वर्ग कर्जा प्रदान गर्ने व्यवस्था मिलाउनु हुन ।

६. यस बैंकको निर्देशन नं. १६.१० वमोजिम संस्थामां प्राकृतिक व्यक्तिका नाममा वचत तथा मुद्दती खातामा रहेको रु. २ लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण निगम" संग सुरक्षण गर्ने/गराउने व्यवस्था मिलाउनु हुन ।

७. लेखापरीक्षकले औंल्याएका कैफियतहरु सुधार गर्नु हुन ।

अत: माथि उल्लिखित निर्देशनहरु संस्थाको साधारणसभा प्रयोजन तथा शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्ने तथा संस्थाले प्रस्ताव गरेको चुक्ता पुँजीको २३.५ प्रतिशले हुने रु. ३ करोड ५२ लाख २० हजार ८ सय ४७ नगद लाभांश र ४६.५ प्रतिशतले हुने रु. ६ करोड ९६ लाख ९२ हजार ३ सय १५ बोनश शेयर संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा चुक्ता पुँजी संशोधन गरे पश्चात् वितरण गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

भवदीय,

(गेदा पंगेनी)
सहायक निर्देशक

बोधार्थ:
नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

# वार्षिक वित्तीय विवरणहरू प्रकाशित गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएको पत्रको प्रतिक्रिया

**निर्देशन नं. १ सम्बन्धमा**
संस्था छाडिसकेका कर्मचारीहरुसँग पाउनुपर्ने रकम असुल गर्न प्रयास भइरहेकोमा आगामी दिनमा थप प्रयास गरी असुल उपर गरिनेछ ।

**निर्देशन नं. २ सम्बन्धमा**
बैंकबाट कर्जा प्रवाह गर्नु पहिले साख सूचना लिने गरिएको र यस कार्यलाई आगामी दिनमा अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

**निर्देशन नं. ३ सम्बन्धमा**
औसत ब्याजदर फरक कम गर्ने उद्देश्यले संचालक समितिको मिति २०७१ असार ६ गतेको बैठक नं. २१६ को निर्णय अनुसार मिति २०७१ श्रावण १ गतेबाट लागू हुने गरी समूह सदस्यबाट लिईने कर्जाको ब्याजदर घटाइएको व्यहोरा अनुरोध छ । आगामी दिनमा पनि संस्थाको समग्र अवस्थाको विश्लेषण गरी आफ्नो Pricing Policy परिवर्तन गर्न प्रयास गरिनेछ ।

**निर्देशन नं. ४ सम्बन्धमा**
महिला सहकारी संस्थाले यस बैंकको संस्थापक शेयरमा लगानी गरेको रकमलाई विनिवेश गर्न आवश्यक प्रक्रिया सुरु गरिनेछ ।

**निर्देशन नं. ५ सम्बन्धमा**

बैंकको नियमानुसार लक्षित वर्ग पहिचान गरी विपन्न वर्गलाई मात्र कर्जा प्रदान गरिदै आएकोमा आगामी दिनमा विपन्न वर्गको पहिचान गर्ने कार्यलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**निर्देशन नं. ६ सम्बन्धमा**
प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दती खातामा रहेको रु. २ लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण निगम" सँग सुरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

**निर्देशन नं. ७ सम्बन्धमा**
लेखापरीक्षकले औंल्याएका अधिकांश कैफियतहरु सुधार भईसकेको र बाँकी विषयहरु सुधार गरिनेछ ।

---

## स्वावलम्बन लघुवित्त विकास बैंक लि.को<br>तेह्रौं वार्षिक साधारण सभाको छलफलका विषयहरू अन्तर्गत विशेष प्रस्तावसँग सम्बन्धित

### प्रवन्धपत्र संशोधन सम्बन्धी विवरण

<table>
<tr><th>दफा</th><th>हालको व्यवस्था</th><th>अब हुने नयाँ व्यवस्था</th><th>संशोधन गर्नुको कारण</th></tr>
<tr>
<td>५.</td>
<td><u>वित्तीय संस्थाको पूँजीको संरचना</u> :<br>वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः-<br>(क)वित्तीय संस्थाको अधिकृत पूँजी रू. २०,००,००,०००/- (अक्षरुपी बीस करोड) हुनेछ । सो पूँजीलाई रू.१००/- का दरले २०,००,००० (बीस लाख) थान साधारण शेयरमा बिभाजित गरिएको छ ।<br>(ख) वित्तीय संस्थाको जारी गर्ने सेयर पूँजी रु.१४,९८,७५,९४६/- (अक्षरुपी चौध करोड अन्ठानब्बे लाख पचहत्तर हजार नौ सय छयालिस) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. १४,९८,७५,९४६/- (अक्षरुपी चौध करोड अन्ठानब्बे लाख पचहत्तर हजार नौ सय छयालिस) हुनेछ ।<br>(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" र "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ ।<br>(१) समूह "क" लाई ४ (चार) उप-समूहमा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५७ प्रतिशत हुनेछ। यस समूहका शेयरधनीहरुको शेयर स्वामित्व प्रतिशत निम्न बमोजिम रहनेछः-
<table>
<tr><th>उप समूह</th><th>शेयरधनीहरू</th><th>शेयर स्वामित्व (प्रतिशतमा)</th></tr>
<tr><td>क(१)</td><td>स्वावलम्बन विकास केन्द्र</td><td>२१ (एक्काइस)</td></tr>
<tr><td>क(२)</td><td>नविल बैंक लि. (साबिक नेपाल अरब बैंक लि.)</td><td>१२ (बाह्र)</td></tr>
<tr><td>क(३)</td><td>नेपाल इन्भेष्टमेन्ट बैंक लि. (साबिक नेपाल इन्डोस्वेज बैंक लि.)</td><td>१२ (बाह्र)</td></tr>
<tr><td>क(४)</td><td>हिमालयन बैंक लि.</td><td>१२ (बाह्र)</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५७(सन्ताउन्न)</td></tr>
</table>
(२) समूह "ख" लाई २ (दुई) उप-समूहमा वर्गिकरण गरिएको छ । यस समूहका शेयरधनीहरुको शेयर स्वामित्व प्रतिशत निम्न बमोजिम रहनेछ :-
<table>
<tr><th>उप समूह</th><th>शेयरधनीहरू</th><th>शेयर स्वामित्व (प्रतिशतमा)</th></tr>
<tr><td>ख(१)</td><td>महिला सहकारी संस्था लि., बैकिङ्ग कार्यालय</td><td>६ (छ)</td></tr>
<tr><td>ख(२)</td><td>व्यक्तिगत संस्थापक शेयरधनीहरु</td><td>७ (सात)</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३ (तेह्र)</td></tr>
</table>
(३) सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "ग" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समूहको शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।</td>
<td><u>वित्तीय संस्थाको पूँजीको संरचना</u> :<br>वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः-<br>(क) वित्तीय संस्थाको अधिकृत पूँजी रू. ५०,००,००,०००/- (अक्षेरेपी पचास करोड) हुनेछ । सो पूँजीलाई रू. १००/- का दरले ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा बिभाजित गरिएको छ ।<br>(ख) वित्तीय संस्थाको जारी गर्ने सेयर पूँजी रु. २१,९५,६८,२६१/- (अक्षेरेपी एक्काइस करोड पञ्चानब्बे लाख अठ्सठ्ठी हजार दुई सय एकसठ्ठी) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. २१,९५,६८,२६१/- (अक्षेरेपी एक्काइस करोड पञ्चानब्बे लाख अठ्सठ्ठी हजार दुई सय एकसठ्ठी) हुनेछ ।<br>(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ ।<br>(१) समूह "क" लाई ६ (छ) उप-समूहमा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ । यस समूहका शेयरधनीहरुको शेयर स्वामित्व प्रतिशत निम्न बमोजिम रहनेछः-
<table>
<tr><th>उप समूह</th><th>शेयरधनीहरू</th><th>शेयर स्वामित्व (प्रतिशतमा)</th></tr>
<tr><td>क(१)</td><td>स्वावलम्बन विकास केन्द्र</td><td>२२.७२२(बाइस दशमलब सात दुई दुई)</td></tr>
<tr><td>क(२)</td><td>नविल बैंक लि.</td><td>१२.०२२ (बाह्र दशमलब शून्य दुई दुई)</td></tr>
<tr><td>क(३)</td><td>नेपाल इन्भेष्टमेन्ट बैंक लि.</td><td>१२.०२२ (बाह्र दशमलब शून्य दुइ दुई)</td></tr>
<tr><td>क(४)</td><td>हिमालयन बैंक लि.</td><td>१२.०२२ (बाह्र दशमलब शून्य दुई दुई)</td></tr>
<tr><td>क(५)</td><td>महिला सहकारी संस्था लि., बैकिङ्ग कार्यालय</td><td>६.०११ (छ दशमलब शून्य एक एक)</td></tr>
<tr><td>क(६)</td><td>व्यक्तिगत संस्थापक शेयरधनीहरु</td><td>५.२०१ (पाँच दशमलब दुई शून्य एक)</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७०(सत्तरी)</td></tr>
</table>
(२) ..............................<br><br>(३)सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समूहको शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।</td>
<td>बोनस सेयर जारी गरे पश्चात पूँजी वृद्धि हुने भएकोले ।<br><br>ने.रा.बैंक को मिति २०७१।६।७ को परिपत्रबाट भएको निर्देशन कार्यान्वयन गर्न एउटै समूहमा राख्न आवश्यक भएकोले तथा । ७०:३० को अनुपात मिलाउँदा तथा भिन्न अंकमा आउने सेयरलाई पूर्ण अंकमा प्रदान गर्दा सेयर स्वामित्व बढ्न गएकोले ।</td>
</tr>
</table>

# स्वावलम्वन लघुवित्त विकास बैंक लि.

## नियमावली संशोधन सम्बन्धी विवरण

| नियम | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधनगर्नुको कारण |
|---|---|---|---|
| ८. | **सञ्चालकको संख्या र कार्यकाल** :<br>(२) यस वित्तीय संस्थामा ९ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-<br>(क)संस्थापक समूहका शेयरधनीहरूबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ६ जना । जसमा समूह "क" अन्तर्गतका स्वावलम्बन विकास केन्द्रबाट २, नविल बैंक लि.बाट १, नेपाल इन्भेष्टमेन्ट बैंक लि.बाट १, हिमालयन बैंक लि.बाट १ र समूह "ख" अन्तर्गतका महिला सहकारी संस्था लि. तथा व्यक्तिगत संस्थापक शेयरधनीबाट १ (२/२ वर्षको दरले पालैपालो प्रतिनिधित्व गर्ने) ।<br>(ख)समूह "ग" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित २ जना ।<br>(ग)नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट संचालक समितिले नियुक्त गरेको व्यावसायिक संचालक एक जना ।<br>(३)सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ । तर समूह "ख" का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको २/२ बर्षको कार्यकाल रहनेछ । | **सञ्चालकको संख्या र कार्यकाल** :<br>(२) यस वित्तीय संस्थामा ९ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछः-<br>(क) संस्थापक समूहका शेयरधनीहरूबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ६ जना । जसमा समूह "क" अन्तर्गतका स्वावलम्बन विकास केन्द्रबाट २, नविल बैंक लि.बाट १, नेपाल इन्भेष्टमेन्ट बैंक लि.बाट १, हिमालयन बैंक लि.बाट १ र महिला सहकारी संस्था लि. तथा व्यक्तिगत संस्थापक शेयरधनीबाट १ (२/२ वर्षको दरले पालैपालो प्रतिनिधित्व गर्ने) ।<br>(ख) समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित २ जना ।<br>(ग) नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट संचालक समितिले नियुक्त गरेको व्यावसायिक संचालक एक जना ।<br>(३) सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ । तर महिला सहकारी संस्था लि. तथा व्यक्तिगत संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको २/२ बर्षको कार्यकाल रहनेछ । | ने.रा.बैंक को मिति २०७१।६।७ को परिपत्रबाट भएको निर्देशन कार्यान्वयन गर्न । |
| २९ (१) | (ग)वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(अ) स्वदेशमा भ्रमण गर्दा दैनिक भत्ता रु. १,५००/- र बस्न बापत खुद लागेको होटेल खर्च प्रति रात रु. १,५००/-सम्म विलको आधारमा र भ्रमण खर्च लागेको खर्च विलको आधारमा ।<br>(आ) भारतको दिल्ली, मुम्बई, चेन्नई र कोलकत्तामा खान भा.रु. ६००/-, बस्न प्रति रात विलको आधारमा भा.रु. १,२००/- सम्म तथा पकेट खर्च भा.रु २००/- गरी जम्मा भा.रु. २,०००/- सम्म र भ्रमण खर्च लागेको खर्च विलको आधारमा ।<br>(इ) भारतको अन्य ठाउँहरुमा खान भा.रु. ४५०/, बस्नप्रति रात विलको आधारमा भा.रु. १,०००/- सम्म तथा पकेट खर्च भा.रु १५०/- गरी जम्मा भा.रु. १,६००/- सम्म र भ्रमण खर्च लागेको खर्च विलको आधारमा ।<br>(ई) भारत बाहेक अन्य मुलुकहरु मध्ये यु.एस.ए., क्यानडा, दक्षिण अमेरीका, मध्य अमेरीका, जापान, पश्चिम युरोप, अष्ट्रेलिया, न्युजिल्याण्ड, अफ्रिका, पश्चिम खाडी क्षेत्र एवं मध्य पूर्वमा परेका देशहरुमा खान यु.यस.डलर ६०/-, बस्न प्रति रात विलको आधारमा यु.यस.डलर १५०/- सम्म तथा पकेट खर्च यु.यस.डलर २५/- गरी जम्मा यु.यस.डलर २३५/- सम्म र भ्रमण खर्च लागेको खर्च विलको आधारमा ।<br>(उ) माथी उल्लेख नभएका अन्य सबै देशहरुमा खान यु.यस.डलर ३५/-, बस्न प्रति रात विलको आधारमा यु.यस.डलर ७५/- सम्म तथा पकेट खर्च यु.यस.डलर १५/- गरी जम्मा यु.यस.डलर १२५/- सम्म र भ्रमण खर्च लागेको खर्च विलको आधारमा । | (ग)वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(अ) स्वदेशमा भ्रमण गर्दा दैनिक भत्ता रु. २,५००/- र बस्न बापत खुद लागेको होटेल खर्च प्रति रात विलको आधारमा र भ्रमण खर्च लागेको खर्च विलको आधारमा ।<br>(आ)भारतमा खान भा.रु. १,५००/-, बस्न प्रति रात विलको आधारमा भा.रु. ३,५००/ - सम्म तथा पकेट खर्च भा.रु १,०००/- गरी जम्मा भा.रु. ६,०००/- सम्म र भ्रमण खर्च लागेको खर्च विलको आधारमा ।<br>(इ) ........................................................<br>(ई) भारत बाहेक अन्य मुलुकहरुमा खान यु.यस.डलर ७५/-, बस्न प्रति रात विलको आधारमा यु.यस.डलर १६०/- सम्म तथा पकेट खर्च यु.यस.डलर ४०/- गरी जम्मा यु.यस.डलर २७५/- सम्म र भ्रमण खर्च लागेको खर्च विलको आधारमा ।<br>(उ)........................................................ | समय सापेक्ष वृद्धि गर्न आवश्यक भएकोले |

# 'आर्थिक स्थिति सुधार गर्न व्यवसायिक सोंच राख्नुपर्छ' - तेजकुमारी थापा



तेह्रथुम जिल्ला मारकटहरे-३ मचेरु कर्मथलो बनाएकी तेजकुमारी थापा वि.सं. २०२१ साल कार्त्तीक महिनामा धनकुटा जिल्ला चुङमाङ्ग गा.वि.स. वडा नं. ३ मा जन्मिएकी हुन । कमजोर पारीवारीक आर्थिक स्थितिका कारण प्राथमिक शिक्षा समेत अध्ययन गर्न नपाएकी तेजकुमारी थापाको वाल्यकाल गोठालो जाँदैमा बित्यो । गोठाला र मेलापात गर्दै जसोतसो जीविकोपार्जन गरिरहेकी तेजकुमारी १८ बर्षकै उमेरमा तेह्रथुम जिल्ला मारकटहरे-३ मचेरुका शोभित मान थापासंग वैवाहिक जीवनमा बाधिंईन । परिवारको आर्थिक भार झन झन थपिदै गएको थियो । आम्दानीको स्रोत सिमित थिए । खेतीपातीबाट भएको आम्दानीबाट मात्रै परिवार चलाउन धौ धौ थियो ।

गरिवीसंग झेल्दै जीवनयापन गरी रहेकी तेजकुमारीको परीवार जग्गा जमिन बेचबिखन गरी २०६३ सालमा धनकुटा नगरपालिका वडा नं. १ मा बसाई सर्‍यो । आम्दानी गर्ने सोंच रहेपनी आर्थिक अभावका कारण तेजकुमारी केहि गर्न सकिरहेकी थिईनन् । सोच बनाइ रहेकी तेजकुमारीले सामुहिक जमानीका आधारमा कर्जा लगानी गर्ने स्वावलम्बन लघुवित्त विकास बैंक लि. ले गाउँमा समूह प्रवेश पुर्व तलिम संञ्चालन गरेको जानकारी पाईन र त्यस बारेमा थप जानकारी लिई तालिममा सहभागी भईन । वि.सं. २०६३ पौष २६ गते कोपिला स्वावलम्बन महिला केन्द्र, केन्द्र नं. २ को सदस्यमा आवद्द भईन र बैंकको नियम अनुसार मिति २०६३/१०/२१ मा रु.२० हजार कर्जा लिएर लैनो गाई खरीद गरीन् । उक्त गाइको दुध स्थानीय बजार हिलेमा दैनिक ७ लिटरका दरले बिक्री गर्न थालिन् । यसरी दुध बेचेर आएको आम्दानीले किस्ता तिर्न थालिन जसबाट थोरै भएपनि आफ्नो परीवारलाई राहत मिलेको महशुस गरीन तर मान्छेको इच्छा र चाहना सिमित हुँदैनन त्यसकारण नै उनी आफ्नो व्यवसायलाई बढाउने सोंचमा रहिरहीन । समयमै नियमित किस्ता तिरेकै कारण कर्जा चुक्ता गरीन ।

२०६५ साल माघ महिनामा बैंकबाट थप कर्जा रु.३० हजार लिई अर्को गाई खरिद गरीन् र बाँकी पैसाले स्थानीय बजार हिलेमा एउटा सानो कोठा भाडामा लिई तरकारी पसल संचालन गरीन । तरकारी पसलबाट राम्रो आम्दानी हुन थालेपछी थप लगानी गर्न उत्साहीत भईन । उनको आर्थिक स्तरमा पनि विस्तारै सुद्रिढ हुँदै आयो र एक छोरीको विवाह गर्न र १ छोरालाई बैदेशिक रोजगारमा पठाउन सक्षम भईन् । सुरुमा रु.५ सय बाट तरकारी पसल संचालन गरेकी तेजकुमारीको अहिले किराना पसलमा रु.५ लाखको लगानी रहेको बताउछीन । आफ्नो सफलताको श्रेय स्वावलम्बन बैंक लाई दिने तेजकुमारीले भनिन् "हामी जस्ता कमजोर आर्थिक स्थिति भएकाहरुलाई न्यून ब्याज दरमा कर्जा लगानी गरेर ठुलो गुण लगाएको छ ।"

वि.सं २०६५ माघ महिनामा तरकारी पसल संचालन गरेदेखी अहिलेसम्म उनले पछाडी फर्केर हेर्नु नपरेको बताउँछिन । मेहनत गरे अवस्य फल पाईन्छ भन्ने सोच राखेकी तेजकुमारीले तरकारी पसलको अलवा ३ वटा गाई समेत पाल्दै आएकी छिन । अहिले तरकारी पसल उनका २ छोरी हरुले सम्हाली रहेका छन भने श्रीमानको पनि राम्रो सहयोग पाइरहेको वताउँछिन । हाल उनले स्वावलम्बन बैंकबाट रु.७० हजार साधारण कर्जा र रु.२० हजार मौषमी कर्जा चलाइ रहेकी छिन् । उनको यो सफलतामा परीवारका सदस्यहरुका साथै स्वावलम्बन बैंकले पनि साथ दिदै आएको बताउछीन । अन्य कुनै पनि संस्थामा आवद्द नभएको उनी दिदीवहीनीहरुलाई कुनै एक संस्थाबाट मात्र कर्जा लिन तथा कर्जाको सही सदुपयोग गर्न सल्लाह दिन्छिन । परिश्रम गरे असम्भव केही नरहेको सोचाई राख्ने तेजकुमारी थापा अन्य महिलालाई पनि आर्थिक स्थिति सुधार गर्न व्यवसायिक सोंच राख्न सन्देश दिन्छिन् ।

(शाखा कार्यालय हिले, धनकुटाबाट प्राप्त)

# जीवनको सहाराको रूपमा आएको स्वावलम्बन



स्वावलम्बन लघुवित्त विकास बैंक लि. शाखा कार्यालय, म्याङलङ्गको केन्द्र नं. ६ की सदस्य शुभद्रा राजभण्डारीको २०५९ सालमामा भएको भीषण आगलागीमा परी ढाका व्यवसाय पूर्णरुपमा नष्ट भयो । जसमा उनको अनुमानित रु. ६०,०००/- जतीको सामान जलेर नष्ट भयो । कडा मेहनत र संघर्ष गरी स्थापित गरेको व्यवसाय पुनः शुन्यको स्थितिमा पुग्दा उनलाई मानसिक तनाव हुनु स्वभाविक थियो । मानिसको जीवनमा धैर्यता र हिम्मत नै सवैभन्दा ठूलो शक्ति हो । उनले हम्मतका साथ पुनः व्यवसायलाई निरन्तरता दिने निर्णय गरिन तर पूँजीको अभावका कारण इच्छामा सिमित थियो ।

"छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेढी" भन्ने उक्ति उनका लागी यसवेला सार्थक हुनपुग्यो । दुःखको बेला साहुमहाजनले ऋण, कर्जा समेत नदिईरहेको अवस्थामा २०६३ सालमा म्याङलङ्गमा स्वावलम्बन लघुवित्त विकास बैंक लि.को शाखा कार्यालय स्थापना भई सामुहिक जमानीमा विना धितो कर्जा दिने सुने पछि यस बारेमा थप जानकारी लिइन । आफ्नै समाजमा चिनजानका साहुमहाजन तथा बैंकले समेत सामान धरौटी तथा जमिन धितो नराखी ऋण नदिईरहेको अवस्थामा समुह बनाई विना धितो ऋण दिने बैंक आएको सुन्दा शुरुमा त विश्वासै नलागेको कुरा उनी वताउँछिन् । उनी थप्छिन्, "मेरै सक्रियतामा १५ जनाको समुह स्थापना भयो जुन हाल केन्द्र नं. ६ रहेको छ, जसमा अहिले ४५ जनाको ९ वटा समुह कायम रही वारम्वार शाखा कार्यालय म्याङलङ्गबाट उत्कृष्टताको पुरस्कार समेत हात पार्दै आएको छ ।"

उनले २०६३ सालमा समुह प्रवेश गरी रु. ८ हजार कर्जा लिई व्यवसायलाई निरन्तरता दिइन् । कर्जाको किस्ता नयमित तिर्दै २०६४ सालमा दोस्रो पटक रु.१२ हजार, २०६५ सालमा तेस्रो पटक रु. ३५ हजार तथा मौषमी कर्जा रु. ५हजार, २०६६ सालमा चौथो पटक रु.४० हजार र मौषमी कर्जा रु.१० हजार, २०६७ सालमा पाँचौ पटक रु. ५० हजार र मौषमी कर्जा रु.१० हजार त्यसैगरी २०६८ सालमा छैटौं पटक रु. ६० हजार र मौषमी कर्जा रु. १ हजार गरी पटक पटक कर्जा लिई व्यवसायमा पूँजी वृद्धि गर्दै व्यवसायको स्वरुप र आम्दानी पनि बढ्दै गई २ वटा तानबाट शुरु भएको घरेलु उद्योग १० वटा तानमा परिणत भयो, साथसाथै पसलले पनि पूँजी बृद्धिमा थप गती लिंदै गयो ।

भनिन्छ, ऋण लागोस् तर दिन नलागोस् । शुभद्रा राजभण्डारीको जीवनमा यी दुवै कुरा लागेको छ । आफ्नो रातदिनको मेहनत, संघर्ष र व्यवसाय प्रतिको मोहले यो अवस्था सम्म आईपुगेको संरचनामा पुनः दोस्रो पटक २०७० साल असोज महिनामा म्याङलङ्गमा भएको भीषण आगलागी भयो । आगलागीमा परी उनको ढाका कपडाको करिव रु.१ लाख ५० हजार नष्ट भयो । सहनुको पनि हद हुन्छ । अब पसल नष्ट भए पश्चात उनको निरन्तर मेहनतवाट आर्जित १० वटा तानको उद्योग मात्र बाँकी रहेको थियो । व्यवसाय पुनः सुचारु गर्ने सिलसिलामा २०७० पौष महिनामा स्वावलम्बन लघुवित्त विकास बैंक लि. बाट रु.१ लाख ५० हजार कर्जा लिईन् र अन्य आर्थिक श्रोतहरु जुटाई व्यवसायलाई निरन्तरता दिईन् । त्यसै क्रममा थप पूँजीको रुपमा २०७० चैत्रमा रु.३० हजार मौषमी कर्जा लिई व्यवसायलाई थप गतिशिल बनाउदै पुनः पूँजी तथा व्यवसाय बृद्धिको क्रममा निरन्तर लागिपरिन् ।

कर्म गर्ने कर्मशिल हातहरुलाई कर्म गर्नका लागी संसार आकाश झैं खुल्ला हुन्छ रे । दुवै दम्पतीमा उत्तिकै मेहनत गर्ने जोश, लगनशिलता तथा एक आपसी समझदारी र सहयोग भएकै कारण उनको यो व्यवसाय निरन्तर प्रगतीमा रहेको देखिन्छ । दुवैजना व्यवसायमा व्यस्त हुँदाहुँदै पनि अतिरिक्त आम्दानीको बाटो समेत पहिल्याएको पाईन्छ । व्यवसायको साथसाथै ७ वटा खसी बाखा र छ वटा वंगूर समेत पालन गरी अन्यलाई समेत मेहनत र कर्मको पाठ सिकाईरहेको महशुस हुन्छ । चार जनाको सानो र सुखी परिवार रहेर १ छोरा र १ छोरीका धनी दम्पतिले छोरालाई ९ कक्षा र छोरीलाई ८ कक्षामा बोर्डिङ्ग स्कुलको शिक्षा प्रदान गरिरहेकी छिन् । हाल उनीसंग ४ आना घडेरी छ जसको हालको मूल्य अनुमानित रु. १० देखी १२ लाख सम्म भएको उनी बताउँछिन् ।

उनले आजको दिनमा आएर म्याङलुङ्ग बजारमा १० वटा तान मार्फत १० जना र गाउँमा ६ वटा तान मार्फत ६ जना लाई गरी जम्मा १६ जना लाई प्रत्यक्ष रोजगारी दिईरहेकी छिन साथै अन्य तान बाट उत्पादित ढाका कपडाहरु खरिद गरी अप्रत्यक्ष रुपमा धेरैजनालाई रोजगारीको अवसर श्रृजना गरेको देखिन्छ ।

सानो पूँजीवाट शुरुवात भएको उनको व्यवसाय हाल आई ढाका पसलमा रु.७ लाख र ढाका तानमा रु.१ लाख ५० हजार गरी लगभग रु.८ लाख ५० हजार पूँजी संरचना रहेको छ । स्वावलम्बन जुनबेला आयो त्यसबेला आफुलाई साहु महाजनले विश्वास नगर्ने अवस्था थियो, साच्चै नै स्वावलम्बन बैंक आफ्नो जीवनको सहाराको रुपमा आएकोमा अति हर्षित भएको उनले बताइन् ।

(शाखा कार्यालय म्याङलुङ्ग, तेह्रथुमबाट प्राप्त)

# व्यवसायमा सफलता पाएकी सीता थपलिया



मेहनत गर्न सके त्यसको फल अवस्य पाइन्छ भन्ने उदाहरण बनेका छन् खैरहनी नगरपालिका वार्ड नं. २ टूंगाराका सिता थपलिया र टिकाभक्त थपलिया ।

स्वावलम्बन लघुवित्त विकास बैंक लि. शाखा कार्यालय पर्सा, चितवन अन्तर्गत श्री सुर्यमूखी स्वावलम्बन महिला केन्द्र, केन्द्र नं. २१ मा वि.सं. २०६८।४।३२ मा प्रवेश गर्दा उनको परिवार परम्परागत कृषि पेशामा आश्रित थियो । पूंजीको अभाव तथा उपयुक्त सल्लाहको अभावका कारण सीताको आम्दानीको श्रोत फराकिलो हुन सकेको थिएन । समूहमा प्रवेश गरीकेपछि हुने प्रत्येक केन्द्रको बैठकमा उनले विभिन्न कुराहरुको बारेमा बुझ्ने मौका पाइन । स्वावलम्बन लघुवित्त विकास बैंकले समूहमा आवद्ध महिला सदस्यहरुलाई विना धितो कर्जाका साथै विभिन्न आयवृद्धि मूलक सल्लाह तथा सीप विकास तालिम दिएपछि उनको व्यावसायिक यात्रा शुरु भयो ।

वि.सं २०६८।१२।१५ मा स्वावलम्बन लघुवित्त विकास बैंक लि. शाखा कार्यालय पर्सा, चितवनबाट पहिलो पटक रु.५ हजार कर्जा लिई आफ्नै घरमा रहेको २ वटा पोखरीमा ५०० वटा माछाको भुरा राखेका थिए । १ वर्षमा उक्त माछा बिक्री गरी सो बाट ३० हजार रुपैयाँ आम्दानी गरिन् । उनलाई त्यत्तिले सन्तुष्टि मिलेन र माछा पालन व्यवसायका साथै उनले थप रकम कर्जा लिई गाई पालन गर्ने सोंच बनाईन जसमा उनका श्रीमानको समेत साथ रहयो । माछा पालनबाट भएको फाइदा र बैंकबाट लिएको दोश्रो पटकको रु. १० हजार कर्जा गरी ५ वटा गाईको बाच्छीहरु खरिद गरेर गाई पालन व्यवशाय सुरु गरेको उनले बताइन् ।

केही समय पछि उक्त गाई पालन व्यवशायबाट विस्तारै राम्रो फाइदा हुँदै गयो । कर्जाको किस्ता नियमित रुपमा तिर्दै आएकी उनले दुवै व्यवसायमा सफलता पाउदै गइन । विस्तारै माछा पालन व्यवसायबाट गाईपालन व्यवसायमा लागेको थपलिया परिवार व्यवसायिक रुपमा आफ्नो कार्यलाई अगाडी बढाउदै गयो । "स्वावलम्बनले देखाएको बाटो र विना धितो दिएको कर्जा र कर्मचारीहरुले दिएको सल्लाह र सुझावले यहाँसम्म आएका छौं," उनले कुराकानीका क्रममा बताइन् । मिति २०७०।५।२७ मा रु.५० हजार कर्जा लिई सोही व्यवसायमा लगानी गरेकी सीताको व्यापार फस्टाउँदै गएपछि सम्पूर्ण घरखर्च सम्हाल्ने भएकी छिन् । उनको गोठमा हाल १६ वटा गाई रहेका छन् ।

उनले हाल दैनिक ३५ लिटरसम्म दुध विक्री गर्दै आएकी छिन् । मासिक रु.५० हजारको दुध विक्री गर्दै आएकी सीताले त्यसबाट भएको आम्दानी अन्य कृषि क्षेत्रमा समेत लगानी लगाएकी छिन । एक छोरा र एक छोरी सहितको ४ जनाको परिवारमा छोरा विज्ञान विषय लिएर ११ कक्षामा अध्ययनरत छन भने छोरी स्टाफ नर्स पढ्दैछिन् । छोरा छोरीको पठाइ खर्च लगाएत सबै खर्च त्यही व्यवसायको आम्दानीबाट चलिरहेको उनले बताइन । यसका अतिरिक्त उनले बैंकमा वचत समेत राम्रो गरेकी छिन ।

बैंकबाट कर्जा लिई सही सदुपयोग गर्न सके राम्रो आम्दानी गर्न सकिने उदाहरण समेत प्रस्तूत गरेको छ अहिले थपलिया परिवार । यस बैंकले महिला दिदीबहिनीहरुलाई सामुहिक जमानीमा विना धितो कर्जा दिई विभिन्न आयमूलक सीप सिकाउँदै कर्म गर्न अभिप्रेरणा दिदैं आएकोमा उनले बैंक र कर्मचारीहरुलाई धन्यबाद समेत दिइन् ।

(शाखा कार्यालय पर्सा, चितवनबाट प्राप्त)

# स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड

## व्यवस्थापन समूह

**श्री नरेश मान प्रधान**
प्रमुख कार्यकारी अधिकृत

**श्री चन्द्रकान्त काफ्ले**
का.मु विभागीय प्रबन्धक

### सामान्य सेवा विभाग

**श्री सुशिला श्रेष्ठ** – प्रबन्धक
**श्री राजेन्द्र धिताल** – सहायक प्रबन्धक

### सूचना प्रविधि विभाग

**श्री ज्ञानेन्द्र कुमार सिंह** – सहायक प्रबन्धक
**श्री सुमित वास्कोटा** – सहायक प्रबन्धक

### जनशक्ति व्यवस्थापन र तालिम विभाग

**श्री चन्द्रमणि चौलागाई** – प्रमुख
**श्री इश्वर ढकाल** – प्रबन्धक
**श्री नगेन्द्र मिश्र** – प्रबन्धक

### अर्थ र व्यवस्थापन सूचना प्रणाली विभाग

**श्री नारायण देवी श्रेष्ठ** – प्रमुख
**श्री दिनेश रत्न शाक्य** – प्रबन्धक
**श्री कृष्ण प्रसाद न्यौपाने** – प्रबन्धक
**श्री सरिता भण्डारी** – सहायक प्रबन्धक

### आन्तरिक लेखापरीक्षण विभाग

**श्री भेष बहादुर वस्नेत** – प्रमुख
**श्री निलकण्ठ पौडेल** – प्रबन्धक
**श्री जीवन अर्याल** – प्रबन्धक
**श्री श्यामलाल चौधरी** – प्रबन्धक

### संचालन, अनुगमन र निरीक्षण विभाग

**श्री महेन्द्र वन** – प्रमुख
**श्री हरि प्रसाद गौतम** – प्रबन्धक
**श्री संजीव कुमार झा** – प्रबन्धक

### योजना, अनुसन्धान र विकास विभाग

**श्री मोहन प्रसाद भट्टराई** – प्रमुख

## इलाका कार्यालय

### विर्तामोड
**श्री राजेश्वर यादव** – इलाका प्रबन्धक

### इटहरी
**श्री राम प्रसाद पोखरेल** – इलाका प्रबन्धक
**श्री लिल बहादुर कार्की** – प्रबन्धक

### लहान
**श्री राजन प्रसाद भट्टराई** – इलाका प्रबन्धक
**श्री पदम बहादुर खड्का** – प्रबन्धक

### वर्दिवास
**श्री मेघ बहादुर खड्का** – इलाका प्रबन्धक

### वीरगंज
**श्री प्रताप नारायण श्रेष्ठ** – इलाका प्रबन्धक
**श्री बोतेन्द्र प्रसाद गेलाल** – प्रबन्धक

### मुगलिङ्ग
**श्री ढुण्डीराज पाण्डे** – इलाका प्रबन्धक

### गङ्गाघर
**श्री इश्वर बहादुर रोका** – इलाका प्रबन्धक
**श्री कुमार प्रसाद चिमोरिया** – प्रबन्धक

### घोराही
**श्री मणिराज खड्का** – इलाका प्रबन्धक
**श्री प्रमिला सेंढाई** – प्रबन्धक

### धनगढी
**श्री राज कुमार सिंह** – इलाका प्रबन्धक

## शाखा/उपशाखा कार्यालय

१. श्री चन्द्रप्रसाद सिवाकोटी - फिदिम
२. श्री रमेश कुमार श्रेष्ठ - इलाम
३. श्री दिपेन्द्र सिग्देल - फिक्कल
४. श्री नर बहादुर खड्का - दमक
५. श्री कृष्ण प्रसाद तिमल्सिना - धुलावारी
६. श्री सूर्य बहादुर थापा - विर्तामोड
७. श्री राजेन्द्र विशवकर्मा - चन्द्रगढी
८. श्री रन बहादुर राई - ताप्लेजुङ्ग
९. श्री बसन्त रानामगर - विराटचोक
१०. श्री डिल्ली बहादुर बस्नेत - म्याङ्गलुङ्ग
११. श्री लोक बहादु रखाल - हिले
१२. श्री कृष्ण प्रसाद मिश्र - धरान
१३. श्री महेश कुमार चौधरी - दुहवी
१४. श्री रामानन्द यादव - पकली
१५. श्री अमिर लाल यादव - इनरुवा
१६. श्री दिपक राउत - लौकही
१७. श्री गणेश कुमार कार्की - चक्रघट्टी
१८. श्री आनन्द कुमार सिंह - विराटनगर
१९. श्री जय प्रकाश निराला - महुली
२०. श्री मोहमद इरफान अन्सारी - रुपनी
२१. श्री दिब्य राज नेपाल - राजविराज
२२. श्री टेक नारायण कामती - पातो
२३. श्री देव कुमार यादव – कल्याणपुर
२४. श्री संजय कुमार झा - कुशाहा
२५. श्री जितेन्द्र मिश्र - भारदह
२६. श्री भुपाल खत्री - फत्तेपुर
२७. श्री राम देव चौधरी - गाईघाट
२८. श्री रमेश कुमार दनुवार - कटारी
२९. श्री भरत राउत - ओखलढुङ्गा
३०. श्री पुनित कुमार साह - महेशवारी
३१. श्री गोपाल थापा - लहान
३२. श्री लाल बाबु चौरासिया - गोलबजार
३३. श्री हंस राज महतो - विष्णुपुर
३४. श्री कुमार थापा - सिरहा
३५. श्री अरुण कुमार यादव - मिर्चैया
३६. श्री शिव कुमार श्रेष्ठ - धारापानी
३७. श्री राम पुकार यादव - सबैला
३८. श्री टंक प्रसाद अधिकारी - ढल्केवर
३९. श्री सुशिल कुमार चौधरी - जनकपुर
४०. श्री जयकान्त चौधरी - सितापुर
४१. श्री भरत बाबु अधिकारी - वर्दिवास
४२. श्री तारणी प्रसाद चौधरी - गौशाला
४३. श्री विनोद कुमार महत्तो - जलेश्वर
४४. श्री शिव प्रसाद तिमिलसिना - हरिवन
४५. श्री अम्बिका मैनाली - सिन्धुली
४६. श्री डोलनाथ त्रिपाठी - मन्थली
४७. श्री माधव उपाध्याय - कलैया
४८. श्री दिपक महत - श्रीपुर
४९. श्री शिव कुमार ठाकुर - महुवन
५०. श्री अवोध कुमार ठाकुर - पोखरिया
५१. श्री भागवत यादव - विन्दवासिनी
५२. श्री विष्णु हरि घिमिरे - माइस्थान
५३. श्री कमल प्रसाद भट्राई - जीतपुर
५४. श्री रमेश कुमार खड्का - भिमफेदी
५५. श्री सुरेन्द्र बहादुर तामाङ्ग - पालुङ्ग
५६. श्री राजेन्द्र थापा - हेटौंडा
५७. श्री गणेश कुमार श्रेष्ठ - वस्तीपुर
५८. श्री कुमारी गुरुङ्ग - साँखु
५९. श्री मुक्ति यादव - चुच्चेपाटी
६०. श्री सुमन श्रेष्ठ - कीर्तिपुर
६१. श्री मोहित नारायण यादव -बनेपा
६२. श्री केदार पुलामी - पाँचखाल
६३. श्री राम काजी भुजु - पनौती
६४. श्री विष्णु माया नेपाली - हेगुवापाटी
६५. श्री चिरञ्जीवी दहाल - दोलालघाट
६६. श्री सन्त बहादुर सार्की - लुभु
६७. श्री मोहन बहादुर रानाभाट -वुंगमती
६८. श्री रेखा खैरगोली - टौखेल
६९. श्री सुरेन्द्र कार्की - लेले
७०. श्री राजेन्द्र कुमार श्रेष्ठ -कमलविनायक
७१. श्री कर्ण बहादुर कार्की - ठिमी
७२. श्री तिर्थ वहादुर श्रेष्ठ - नगरकोट
७३. श्री निरोज कुमार वस्ताकोटी -चौतारा
७४. श्री इन्द्र बहादुर कार्की - खाडीचौर
७५. श्री प्रेम वहादुर थापा - तुलसीपुर
७६. श्री जनार्दन ढकाल - घोराही
७७. श्री शिव राज ओझा - धनौरी
७८. श्री नरेन्द्र प्रसाद रोकाय -नारायणपुर
७९. श्री डम्वर बहादुर कार्की - लमही
८०. श्री गणेश राज रेग्मी - ४ नं. जीतपुर
८१. श्री मात्रिका घिमिरे - सन्धिखर्क
८२. श्री परम्परा कट्टेल - तम्घास
८३. श्री बुद्धिसागर न्यौपाने -ठाडा
८४. श्री विनोद लम्साल - लिवाङ्ग
८५. श्री उमेश कुमार भण्डारी - श्रीनगर
८६. श्री सुरेन्द्र वहादुर तामाङ्ग - थारमारे
८७. श्री भरत बहादुर बोहरा - सुर्खेत
८८. श्री कुमार थापा - सालझण्डी
८९. श्री सत् प्रताप गोगं - खासकारकाँदो
९०. श्री रमेश चन्द्र पौडेल - रझेना
९१. श्री सुजन न्यौपाने - कालिका
९२. श्री लक्ष्मण बस्नेत - डुम्रे
९३. श्री चमत्कार पौडेल - पुतलीवजार
९४. श्री हेम लाल शर्मा - गोरखावजार
९५. श्री बाबुराम श्रेष्ठ - आरुघाट
९६. श्री खड्क बहादुर थापा -खानीखोला
९७. श्री फन नारायण सुवेदी -धादिङ्वेशी
९८. श्री कृष्ण खनाल - पर्सा
९९. श्री चेतनाथ बगाले - कावासोती
१००. श्री गोकुल बगाले - वर्दघाट
१०१. श्री चन्द्र बहादुर थापा - बौनिया
१०२. श्री केशव प्रसाद यादव - सुडा
१०३. श्री तिर्थ राज विष्ट - साँफेवगर
१०४. श्री थिर प्रसाद दहाल - टिकापुर
१०५. श्री सुनिल कुमार साह -पहलमानपुर
१०६. श्री भिमसेन चौधरी - कृष्णपुर
१०७. श्री निर्मल कुमार बोहरा - सिलगढी
१०८. श्री हेमराज भट्टराई - मंगलसेन

# टिपोट

# टिपोट

श्री सञ्चालक समिति,
स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड,
केन्द्रीय कार्यालय, काठमाडौ ।

## विषय : प्रतिनिधि नियुक्त गर्ने बारे ।

महाशय,

........................................................जिल्ला ............................................................ न.पा.⁄गा.वि.स. वडा नं. ...............बस्ने म⁄हामी ...........................................................................ले त्यस बैंकको शेयरवालाको हैसियतले २०.......साल........महिना........गते....... बारका दिन हुने साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ........................................ जिल्ला ................................................ न.पा.⁄गा.वि.स. वडा नं........बस्ने त्यस बैंकका शेयरवाला श्री ......................................................................... शेयर प्रमाण-पत्र नं. ..................................... लाई मेरो⁄हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु⁄छौं ।

| **निवेदकको** | **प्रतिनिधिको** |
|---|---|
| दस्तखत : | दस्तखतः |
| नाम : | नामः |
| ठेगाना : | ठेगाना : |
| शेयर प्रमाण-पत्र नं.: | शेयर प्रमाण-पत्र (नं. ..............देखि...............सम्म) |
| (कित्ता नं.............देखि .............सम्म) | |
| शेयरधनी परिचय-पत्र नं.: | शेयरधनी परिचय-पत्र नं.: |
| मिति : | |

**द्रष्टव्यः** यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको सम्बन्धित कार्यालयमा पेश गरिसक्नुपर्ने छ । समयमा पेश नगरेमा र एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी)को नाउँ उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।



बाह्रौं वार्षिक साधारण सभामा उपस्थित संचालक समितिका अध्यक्ष, सदस्यहरू तथा कार्यकारी प्रमुख


बाह्रौं वार्षिक साधारण सभामा उपस्थित सेयरधनी महानुभावहरू



बाह्रौं वार्षिक साधारण सभामा केन्द्रीय कार्यालयका कर्मचारीहरूको सामूहिक तस्वीर


बाह्रौं बैंक दिवसको अवसरमा लहानमा आयोजित कार्यक्रममा सम्मानीत ज्येष्ठ ग्राहक सदस्यहरू



उपशाखा कार्यालय बौनियाँ, कैलालीको केन्द्र प्रमुख गोष्ठीका सहभागीहरू



शाखा कार्यालय साँखु काठमाडौंद्वारा आयोजित तरकारी खेती तालिममा सहभागी ग्राहक सदस्यहरू


व्यवसायिक कृषि व्यवसायमा संलग्न शाखा कार्यालय सिन्धुली, केन्द्र नं. ३२ की सदस्य ज्ञानीदेवी श्रेष्ठ


शाखा कार्यालय ढल्केबर, केन्द्र नं. ७६ की सदस्य अस्मीता पराजुली आफ्नो चियानास्ता व्यवसायमा


उपशाखा कार्यालय, धनौरी, दाङद्वारा आयोजित च्याउ खेती सम्बन्धी तालिम लिंदै ग्राहक सदस्यहरू


शाखा कार्यालय लहानस्थित, केन्द्र नं. २५ की आफ्नो व्यवसायमा व्यस्त सदस्य गेना महतो

# कार्यक्षेत्र




**संकेत**

- ❊ केन्द्रीय कार्यालय
- ◎ इलाका कार्यालय
- ● शाखा/उपशाखा कार्यालय

**स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड**

**Swabalamban Laghubitta Bikas Bank Ltd.**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः लालकोलोनीमार्ग, लालदरबार, काठमाडौं, नेपाल ।

फोन नं. : ०१–४४३४९२१/२२ फ्याक्स नं. : ९७७–१–४४४१५२५

Email: swbbl@ntc.net.np

Website: www.swbbl.com.np